# प्रभाव दैनिक
National Daily


इ-पेपरका लागि

वर्ष १३ | अंक ६२ | काठमाडौं | बुधबार, १० असार २०८३ | Prabhab National Daily | Wednesday, 24 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


विस्थापित सुकुमबासीको बिचल्ली

## पाँच दिनभित्र 'होल्डिङ सेन्टर' छाड्न सरकारको निर्देशन

- प्रतिपरिवार २५ हजार बैंक खातामा राखिदिने, मासिक १५ हजार भत्ता
- विस्थापित सुकुमबासीको गुनासो- जाने ठाउँ कहीँ छैन, कहाँ जानू ?
- उपत्यकाका विभिन्न होल्डिङ सेन्टरमा ३८८ परिवार बसिरहेका जानकारी
- बाहिर आफैं व्यवस्थापन गरेर बसेका दुई हजार २२० परिवारको विवरण संकलन जारी



■ **जेबी योञ्जन**

**काठमाडौं–** उपत्यकाका नदी किनारबाट बलपूर्वक हटाएको सुकुमबासीहरूलाई सरकारले 'होल्डिङ सेण्टर'बाट पनि निकाल्ने भएको छ । अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले मंगलबार सूचना टाँसेर पाँच दिनभित्र होल्डिङ सेण्टर छाड्न निर्देशन दिएको हो ।

प्रधानमन्त्री वालेन्द्र शाहको निर्देशनमा गत वैशाखमा बागमती, मनोहरालगायत नदी किनारका सुकुमबासी बस्तीमा डोजर चलाइएको थियो । ती बस्तीबाट विस्थापित भएका सुकुमबासी परिवारलाई कीर्तिपुरको राधास्वामी सत्संग, नागार्जुनस्थित सरकारी अपार्टमेन्टलगायत विभिन्न स्थानमा होल्डिङ सेन्टर बनाएर राखिएको थियो । स्थायी व्यवस्थापन गर्ने वाचा गरेको सरकारले केही रकम दिएर होल्डिङ सेन्टरबाट हटाउन लागेको हो ।

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका सूचना अधिकारी टोपबहादुर बानियाँले सरकारले तोकेको सुविधा लिएर होल्डिङ सेन्टर छाड्न आग्रह गरिएको बताए । 'सरकारले सुरुमा एकमुष्ट २५ हजार रूपैयाँ दिने र त्यसपछि मासिक १५ हजार रूपैयाँ उपलब्ध गराउने निर्णय गरिसकेको छ,' उनले प्रभावसँग भने, 'पाँच दिनभित्र खाता खोलेर रकम लिएर जान निर्देशन भएको हो । यदि त्यसपछि पनि व्यवस्थापन हुन नसकेकाहरू छन् भने थप निर्णय गर्छौं ।'

होल्डिङ सेन्टरहरूमा पाँच दिनभित्र छाड्न निर्देशनात्मक सूचना टाँसिएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंले पनि एक सूचना जारी गर्दै पाँच दिनभित्र हट्न निर्देशन दिएको पाइएको छ । सूचनामा भनिएको छ, 'यो सूचना प्रकाशित मितिले पाँच दिन २०८३ असार १२ भित्र खाली गरी स्वः व्यवस्थापन गर्नुहुन ।'

मध्य वैशाखमा पानी परिरहँदा राज्यआतंक मच्चाउँदै सुकुमबासी बस्तीबाट विस्थापित गरेका सुकुमबासीहरूलाई न्यूनतम मानवीय संवेदनासमेत नराखी अहिले अस्थायी आश्रयस्थलबाट समेत जबरजस्ती निकाल्ने प्रपञ्च बालेन्द्र सरकारले रचेको पीडितहरूको गुनासो छ । दशरथ रंगशाला, राधास्वामी आश्रम र नागार्जुन अपार्टमेन्ट लगायतका होल्डिङ सेन्टरहरूमा कष्टकर जीवन बिताइरहेका सुकुमबासीलाई सरकारले प्रतिपरिवार एकमुष्ठ २५ हजार रूपैयाँ र तीन महिनाको...

क्रमशः पृष्ठ २ मा

> सरकारले सुरुमा एकमुष्ट २५ हजार रुपैयाँ दिने र त्यसपछि मासिक १५ हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरिसकेको छ । पाँच दिनभित्र खाता खोलेर रकम लिएर जान निर्देशन भएको हो । यदि त्यसपछि पनि व्यवस्थापन हुन नसकेकाहरु छन् भने थप निर्णय गर्छौं ।
>
> ■ **टोपबहादुर बानियाा**
> सूचना अधिकारी, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति

> सुकुमबासीहरूको व्यवस्थापनकै लागि पुनर्स्थापना खर्च भनेर २५ हजार दिने भनेका हौं । त्यसपछि भाडाबापत खर्च पनि दिने भनेका छौं ।
>
> ■ **ईश्वरराज पौडेल**
> प्रमुख जिल्ला अधिकारी, काठमाडौं

> हामीलाई बोलाएर छलफलसमेत गरिएन । २५ हजार रुपैयाँको भरमा काठमाडौंमा कोठा खोजेर बस्न सम्भव छैन ।
>
> ■ **राजकुमार माझी**
> होल्डिङ सेन्टरमा रहेका सुकुमबासी

## रास्वपाको राजनीतिक सिद्धान्त 'सामाजिक लोकतन्त्र'

### प्रदेश खारेजीबारे बाझियो मत

- संविधान संशोधनमार्फत राष्ट्रिय सभालाई गैरदलीय विशेषज्ञ सभा बनाउने र उपराष्ट्रपतिलाई राष्ट्रिय सभाको सभाध्यक्ष बनाउन प्रस्ताव
- प्रदेश सभाबारे सभापति लामिछानेले पुनर्संरचना गराउने प्रस्ताव गर्दा उपसभापति डा. स्वर्णिम वाग्लेले खारेज गर्नुपर्ने बहस अघि बढाए
- महामन्त्री कविन्द्र बुर्लाकोटीले औंल्याए पार्टीले ल्याएको परिवर्तनमा अवसरसँगै ठूलो जोखिम
- रास्वपाको पार्टी सदस्य संख्या पाँच लाख २३ हजार ४५६






■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो राजनीतिक सिद्धान्त स्पष्ट पारेको छ । मूलधारको राजनीतिमा आएर सबैभन्दा ठूलो दल हुँदा पनि सिद्धान्तबारे अस्पष्ट रहेको रास्वपाका सभापति रवि लामिछानेले मंगलबार आफ्नो राजनीतिक प्रतिवेदनबाट प्रस्टीकरण दिएका हुन् ।

संवैधानिक समाजवादलाई आफ्नो सिद्धान्त बताउँदै आएको रास्वपाले अब सामाजिक लोकतन्त्रलाई आत्मसात् गरेको सभापति लामिछानेले बताए । 'हामी संविधानलाई नै 'वाद' वा सिद्धान्तका रूपमा अंगीकार गर्न उपयुक्त नहुने निष्कर्षमा पुगेका छौं । यसको अर्थ संविधानप्रतिको अस्वीकार्यता कदापि होइन ।

क्रमशः पृष्ठ २ मा

> राजनीतिकरूपमा हालसम्म प्राप्त उपलब्धिको स्थायित्व र सुदृढीकरण, नेपालको वर्तमान आर्थिक सामाजिक परिस्थिति र नागरिकले आशा गरेको राज्यको आधारभूत चरित्रको विश्लेषणका आधारमा हामीले सामाजिक लोकतन्त्रलाई पार्टीको मूल राजनीतिक सिद्धान्तका रूपमा अंगीकार गर्ने निष्कर्ष निकालेका छौं ।
>
> ■ **रवि लामिछाने**, सभापति, रास्वपा

### सभापतिमा लामिछाने निर्विरोध

रास्वपा सभापतिमा रवि लामिछाने निर्विरोध निर्वाचित भएका छन् । मंगलबार साँझ ७ बजेसम्ममा सभापतिमा लामिछानेकोमात्र उम्मेदवारी परेपछि उनी निर्वाचित भएका हुन् ।

लामिछानेको प्रस्तावकमा वरिष्ठ नेता एवं प्रधानमन्त्री वालेन्द्र शाह रहेका थिए । लामिछाने रास्वपाका संस्थापक सभापति हुन् । रास्वपाका शीर्ष नेताहरूकाबीचमा यसअघि नै लामिछानेलाई सर्वसम्मत सभापति बनाउने सहमति भएको थियो । त्यस्तै, शाह सर्वसम्मत वरिष्ठ नेता नेता बन्ने छन् ।

रास्वपाको ९९ केन्द्रीय सदस्य चयन गर्न आज बिहान ९ बजेदेखि मतदान हुने छ । पहिलो चरणको मतदान सकिएको दुई घण्टापछि मतपरिणाम सार्वजनिक हुने निर्वाचन आयोगले जनाएको छ । पदाधिकारी छान्न दोस्रो चरणको मतदान हुने जानकारी दिइएको छ ।

**सन्दर्भ: वैदेशिक रोजगार**

वैदेशिक रोजगारीमा जाने श्रमिकको लागत निर्धारण

## संघको लागत प्रस्ताव सरकारी कार्यदललाई बुझाइयो

### श्रमिकको दक्षताका आधारमा लागत निर्धारण गर्ने प्रस्ताव



> श्रमिकको लागत तथा सेवा शुल्कको विषयमा ड्राफ्ट नै बनाएर बुझाएका छौं । श्रमिकको लागतसँगै हाम्रो खर्च पनि धेरै छ । कार्यालय सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारी, बजार प्रवर्द्धन, अन्तरवार्ताजस्ता खर्चको विस्तृत विवरण बुझाएका छौं ।
>
> ■ **हिराबहादुर डागी**
> महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ




■ **ममता थापा**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकारसमक्ष रोजगारीमा जाने श्रमिकको देशगत लागत प्रस्ताव गरेको छ । मंगलबार युवा, श्रम तथा रोजगार मन्त्रालयमा भएको उच्चस्तरीय छलफलमा संघको तर्फबाट कामदारको न्यूनतम लागत र सेवा शुल्कको प्रस्तावित विवरण बुझाइएको हो ।

संघका महासचिव हिराबहादुर डाँगीले श्रमिकको सीप र दक्षताका आधारमा लागत निर्धारण हुनुपर्ने माग अघि सारिएको बताए । 'श्रमिकको लागत तथा सेवा शुल्कको विषयमा ड्राफ्ट नै बनाएर बुझाएका छौं । श्रमिकको लागतसँगै हाम्रो खर्च पनि धेरै छ,' उनले भने, 'कार्यालय सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारी, बजार प्रवर्द्धन, अन्तरवार्ता जस्ता खर्चको विस्तृत विवरण बुझाएका छौं ।'

मन्त्रालयले यसलाई अध्ययन गरेपछि फेरि व्यवसायीसँग छलफलमा बस्ने जानकारी दिएको छ । अबको १० दिनभित्र फेरि छलफलमा बस्ने तय भएको संघले जनाएको छ । संघले कुन देशका लागि के कति लागत प्रस्ताव गर्‍यो भन्ने विषय भने सार्वजनिक गरेको छैन ।

क्रमशः पृष्ठ २ मा

### साउदीको सीप प्रमाणीकरण खारेज गर्न एसोसिएसनको माग

**काठमाडौं (प्रस)–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले साउदी रोजगारीमा लागू गरिएको सीप प्रमाणीकरण (स्किल भेरिफिकेसन प्रोग्राम- एसभिपी) खारेज गर्न माग गरेको छ । यो प्रावधानले श्रमिकमाथि आर्थिक भार थपिने भएकोले तत्काल खारेज गर्नुपर्ने एसोसिएसनको माग छ ।

एसोसिएसनले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै एसभिपी कार्यक्रमले श्रमिक र व्यवसायी दुवैलाई आर्थिक, मानसिक र प्रशासनिक भार पार्ने जनाएको छ । एसोसिएसनका अध्यक्ष रामप्रसाद गैरे र महासचिव सुमनराज पाण्डेले जारी गरेको विज्ञप्तिमा वैदेशिक रोजगारीले मुलुकको अर्थतन्त्रमा टेवा पुर्‍याइरहेको अवस्थामा केही स्वार्थ समूहले वैदेशिक रोजगारीको प्रक्रियालाई जटिल बनाउन खोजिरहेको उल्लेख गरिएको छ । श्रमिकको हितका लागि भन्दै ल्याइने कुनै पनि व्यवस्था श्रमिकमाथि आर्थिक भार पार्ने र झण्झटिलो हुन नहुने उनीहरूको जोड छ ।

नेपालबाट रोजगारीमा जाने कामदार निम्न आय भएकाहरू रहेकाले उनीहरूको लागत बढाउने र झण्झटिलो प्रक्रियामा सहभागी गराउने विषय स्वीकार्य नहुने एसोसिएनसनले जनाएको छ । श्रमिक र व्यवसायीसँग सम्बन्धित महत्त्वपूर्ण निर्णय गर्दा सरोकारवालासँग पर्याप्त छलफल आवश्यक हुने भन्दै सो निर्णय तत्काल स्थगन गर्नुपर्ने एसोसिएसनले माग गरेको छ ।

## पूर्वअर्थमन्त्री पौडेल अब सात दिन हिरासतमा

- पूर्वअर्थमन्त्री एवं एमाले उपाध्यक्ष विष्णु पौडेललाई सात दिन हिरासतमा राख्न अदालतको अनुमति
- सम्पत्ति शुद्धीकरण कसुरमा अनुसन्धान गर्दै विभाग
- श्रीराम टोबाको कम्पनीको २० प्रतिशत सेयर खरिद-बिक्रीमा आशंका
- पौडेलविरूद्ध कुनै पनि विश्वसनीय प्रमाण नभएकोले हिरासतमा राखेर अनुसन्धान गर्नुपर्ने आवश्यकता नरहेको पौडेलका कानुन व्यवसायीहरूको तर्क



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धानका लागि पक्राउ परेका नेकपा एमालेका उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री विष्णु पौडेल अब सात दिन हिरासतमै रहने भएका छन् । विशेष अदालतले मंगलबार पौडेललाई सात दिन हिरासतमा राख्न अनुमति दिएको हो ।

सोमबार सुर्खेतमा पक्राउ परेका पौडेललाई काठमाडौं ल्याएर मंगलबार विशेष अदालतमा उपस्थित गराइएको थियो । विशेष अदालतका सदस्यहरू नारायणप्रसाद पौडेल, हेमन्त रावल र उमेश कोइरालाको इजलासले पौडेललाई सात दिन थुनामा राखेर अनुसन्धान गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अनुमति दिएको हो ।

कर्णाली प्रदेशस्तरीय पार्टी कार्यक्रममा सहभागी भइरहेका बेला विभागको पक्राउ पुर्जीका आधारमा प्रहरीले नियन्त्रणमा लिएको थियो । पक्राउपछि उनलाई रातारात स्थलमार्गबाट काठमाडौं ल्याइएको थियो । मंगलबार दिउँसो विशेष अदालतमा उपस्थित गराइएपछि विभागले अनुसन्धानका लागि हिरासत आवश्यक रहेको दाबी गर्दै म्याद थपको माग गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

### राजनीतिक प्रतिवादमा उत्रँदै एमाले

उपाध्यक्ष विष्णुप्रसाद पौडेलको पक्राउलाई नेकपा एमालेले प्रतिशोधपूर्ण राजनीति भनेको छ । मंगलबार च्यासलस्थित पार्टी मुख्यालयमा बसेको एमाले संसदीय दलको बैठकमा अध्यक्ष केपी शर्मा ओलीले सरकारमाथि प्रतिशोधपूर्ण राजनीति गरेको आरोप लगाए । उनले पौडेलको पक्राउलाई गैरकानुनी र राजनीतिक पूर्वाग्रहबाट प्रेरित कदमका रूपमा व्याख्या गरे ।

'त्यसरी यातना दिएर पक्राउ गरियो । यो प्रतिशोध हो, गैरकानुनी हो,' बैठकमा ओलीले भनेका थिए । उनले सरकारले कानुनको शासनभन्दा पनि राजनीतिक प्रतिशोधलाई प्राथमिकता दिएको आरोप लगाउँदै एमालेले सडक र सदन दुवैबाट प्रतिवाद गर्ने चेतावनी दिए ।

क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## रास्वपाको...

हो चाहिँ के भने, देशको संविधान र दलको नीति, विचार, सिद्धान्त दुई अलग विषयहरू हुन् । र, राजनीतिकरूपमा हालसम्म प्राप्त उपलब्धिको स्थायित्व र सुदृढीकरण, नेपालको वर्तमान आर्थिक सामाजिक परिस्थिति र नागरिकले आशा गरेको राज्यको आधारभूत चरित्रको विश्लेषणका आधारमा हामीले सामाजिक लोकतन्त्रलाई पार्टीको मूल राजनीतिक सिद्धान्तका रूपमा अंगीकार गर्ने निष्कर्ष निकालेका छौं,' लामिछानेको प्रतिवेदनमा भनिएको छ ।

सभापति लामिछानेले पार्टीको पहिलो महाधिवेशनको बन्दसत्रमा मंगलबार प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा रास्वपा स्थापना हुनुको कारण, उद्देश्य र चार वर्षको राजनीतिक यात्राको विस्तृत समीक्षासमेत गरेका छन् । 'चार वर्षमा शून्यबाट सिंहदरबारसम्म' शीर्षकको प्रतिवेदनमा लामिछानेले आफूहरू राजनीतिमा किन प्रवेश गरे भन्ने प्रश्नको जवाफ नै पार्टीको मूल मार्गदर्शक रहेको उल्लेख गरेका छन् ।

प्रतिवेदनमा लोकतन्त्रलाई 'नेतातन्त्रले चपाइरहेको' र नेतातन्त्रलाई 'बिचौलियाले नचाइरहेको' टिप्पणी गर्दै रास्वपाले प्रणाली सुधार, पुनः संरचना र शुद्धीकरणको लक्ष्यसहित राजनीतिक यात्रा सुरु गरेको उल्लेख गरिएको छ । लामिछानेले 'नयाँ शक्ति' र 'विवेकशील' अभियानले राजनीतिमा तरंग ल्याए पनि संरचनागत परिवर्तन गर्न नसकेको उल्लेख गरेका छन् । यद्यपि, वालेन्द्र शाह काठमाडौं महानगरपालिकाको मेयरमा निर्वाचित भएपछि परम्परागत दलप्रतिको जनअसन्तुष्टि स्पष्टरूपमा देखिएको र वैकल्पिक राजनीतिक शक्तिका लागि जनमत तयार भएको प्रतिवेदनमा उल्लेख छ ।

### राष्ट्रिय सभालाई गैरदलीय सभा बनाउन प्रस्ताव

लामिछानेले आफ्नो प्रतिवेदनमा संविधान संशोधनमार्फत राष्ट्रिय सभालाई गैरदलीय विशेषज्ञ सभा बनाउन प्रस्ताव गरेका छन् । त्यसैगरी उनले उपराष्ट्रपतिलाई राष्ट्रिय सभाका सभाध्यक्षको जिम्मेवारी दिने प्रस्ताव गरेका छन् । 'संविधानमाथि हाम्रा केही फरक धारणा छन् जुन हामीले पार्टी स्थापनादेखि नै राख्दै आएका छौं । हामी स्थिर नेतृत्व र स्पष्ट जिम्मेवारीसहितको प्रत्यक्ष निर्वाचित कार्यकारीका पक्षमा छौं,' प्रतिवेदनमा उनले भनेका छन्, 'हामी अहिलेको अत्यन्त महँगो निर्वाचन प्रणालीको सट्टा पूर्णसमानुपातिक निर्वाचन प्रणालीका पक्षमा छौं, जसले सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गरोस् । हामी अहिलेको राष्ट्रिय सभालाई गैरदलीय विशेषज्ञ सभा बनाउन र उपराष्ट्रपतिलाई सभाअध्यक्ष बनाउने पक्षमा छौं ।'

### प्रदेशबारे बाझियो मत

सभापति लामिछानेले रास्वपा प्रदेशसभा पुनर्संरचनाको पक्षमा रहेको बताएका छन् । 'त्यसैगरी हामी प्रदेशसभा र प्रदेश सरकारको पनि पुनर्संरचनाका पक्षमा छौं,' लामिछानेले भनेका छन् । यसका लागि आफूहरू सर्वदलीय सहमतिको पक्षमा रहेको बताएका छन् ।

अर्थमन्त्रीसमेत रहेका रास्वपा उपसभापति डा. स्वर्णिम वाग्लेले भने प्रदेश संरचना खारेज गर्नुपर्ने विषय आफ्नो अर्थ-राजनीतिक प्रतिवेदनमा प्रस्तुत गरेका छन् । वाग्लेले स्थानीय तह एकतिहाइ कटौती गर्नुपर्नेबारेसमेत छलफल हुनुपर्ने बताएका छन् । 'नयाँ संविधानमै टेकेर रास्वपाले वैधानिक हैसियत बनाएकाले लामो संघर्षबाट प्राप्त उपलब्धिका रूपमा समन्यायिक समाज निर्माणको अवधारणालाई आत्मसात् गरेको हो । हाम्रो संख्या र सामार्थ्य पुगेको दिन वर्तमान संविधानको परिमार्जन गर्नेछौं,' वाग्लेको प्रतिवेदनमा भनिएको छ, 'प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सांसद मन्त्री नबन्ने प्रणाली, दलविहीन स्थानीय तह एवं ७५३ को संख्यामा एकतिहाइ कटौती, प्रदेशसभाको खारेजीसहित संघीयताको पुनर्संरचना, न्यायपरिषद्लगायत अन्य संवैधानिक अंगहरूको आमूल सुधार, मान्यताप्राप्त राजनीतिक दलको पारदर्शी कोषभरणजस्ता शासकीय सुधारका एजेण्डा रास्वपाले बहसका लागि प्रवेश गराइसकेको छ ।'

### प्राप्ति जोखिममा रहेको महा( मन्त्रीको प्रतिवेदन

रास्वपा महामन्त्री कविन्द्र बुर्लाकोटीले पेस गरेको सांगठानिक प्रतिवेदनमा पार्टीले ल्याएको परिवर्तनमा अवसरसँगै ठूलो जोखिम पनि रहेको बताएका छन् । 'हामीले ल्याएको यो परिवर्तन ऐतिहासिक हो, तर यस ऐतिहासिक क्षणसँग ठूलो अवसरसँगै ठूलो जोखिम पनि जोडिएको छ । परिवर्तन ल्याउन सजिलो हुन्छ, तर परिवर्तनलाई संस्थागतरूपमा टिकाउनु नै सबैभन्दा कठिन काम हो,' महामन्त्रीको प्रतिवेदनमा भनिएको छ ।

उनले यो अवसरलाई संस्थागत रूपान्तरणमा बदल्न सके नेपाल २१औं शताब्दीको एक नयाँ लोकतान्त्रिक शासन मोडेल बन्ने उल्लेख गरेका छन् । नभए केवल अधुरो राजनीतिक अध्यायमा सीमित हुने बताएका छन् । 'अन्यथा यो केवल अर्को अधुरो राजनीतिक अध्यायमा सीमित हुने छ । म स्पष्टरूपमा भन्न चाहन्छु कि हामी केवल सरकार चलाइरहेका छैनौं, हामी राज्य पुनर्निर्माण गरिरहेका छौं । हामी केवल संगठन विस्तार गरिरहेका छैनौं, हामी नयाँ राजनीतिक वैधताको आधार निर्माण गरिरहेका छौं । हामी लोकतन्त्रको नयाँ परिभाषा लेखिरहेका छौं,' प्रतिवेदनमा भनिएको छ ।

### पार्टी सदस्य संख्या पाँच लाख २३ हजार

रास्वपाले आफ्ना पार्टी सदस्यको संख्या पाँच लाख २३ हजार ४५६ जना रहेको जनाएको छ । महामन्त्री कविन्द्र बुर्लाकोटीले मंगलबार रास्वपाको पहिलो महाधिवेशनको बन्दसत्रमा पेस गरेको सांगठानिक प्रतिवेदनमा प्रदेशगत संख्यासहित कूल सदस्य संख्या उल्लेख छ । कोषाध्यक्ष लिमा अधिकारीको प्रस्तुत गरेको आर्थिक प्रतिवेदनमा भने पार्टीको कूल सदस्य संख्या तीन लाख ९१ हजार ४१८ मात्र देखाइएको छ ।

जसअनुसार रास्वपाका सबैभन्दा बढी सदस्य मधेसमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेका छन् । मधेसमा २३.३ प्रतिशत, बागमतीमा २०.५ प्रतिशत, लुम्बिनीमा १४.५ प्रतिशत, कोशीमा १४ प्रतिशत, गण्डकीमा ११.८ प्रतिशत, सुदूरपश्चिममा १०.६ प्रतिशत र कर्णाली प्रदेशमा ५.२ प्रतिशत सदस्य रहेका छन् ।

प्रतिवेदनअनुसार संख्याका हिसाबले कोशीमा ७३ हजार ३५५, मधेसमा एक लाख २१ हजार ८९९, बागमतीमा एक लाख ७ हजार ३२०, गण्डकीमा ६१ हजार ९२५, लुम्बिनीमा ७५ हजार ९६२, कर्णालीमा २७ हजार ३२५ र सुदूरपश्चिम प्रदेशमा ५५ हजार ६७९ जना सदस्य छन् । रास्वपाको सदस्यता लिनेमध्ये तीन लाख ९६ हजार ७८९ जना पुरुष (७५.८ प्रतिशत) र महिला ८९ हजार ८९६ जना (१७.२ प्रतिशत) रहेको प्रतिवेदनमा उल्लेख छ । रास्वपाका सदस्यमा १८ देखि ४५ वर्ष उमेर समूहका सबैभन्दा ठूलो संख्या तीन लाख ३५ हजार ४७८ जना छन् ।

त्यसैगरी जातिगतमा खसआर्य ४१ प्रतिशत, मधेसी १८ प्रतिशत, आदिवासी जनजाति १७.३ प्रतिशत, दलित ९.७ प्रतिशत, थारु २ प्रतिशत र मुस्लिम २.५ प्रतिशत रहेका छन् । बाँकी ९.६ प्रतिशत भने थाहा नभएको सूचीमा राखिएको छ । सदस्यता लिनेमा १८ वर्षमुनिका ३५ हजार २५७ जना, ४६ देखि ६५ वर्षका ९८ हजार ८५७ जना, ६५ वर्षभन्दा माथिका १३ हजार ६८२ जना र उमेर नखुलेका ४० हजार १९१ जना रहेका प्रतिवेदनमा उल्लेख छ ।

■■■

## पाँच दिनभित्र...

भाडाबापत ४५ हजार रूपैयाँगरी कूल ७० हजार रूपैयाँको राहतको लोभ देखाएर पाँच दिनभित्र शिविर खाली गर्न उर्दी जारी गरेको छ । राहत रकम प्राप्त गर्न निवेदन पेस गर्न भनिएको छ । राहत रकम सम्बन्धित व्यक्तिको बैंक खातामा सोझै पठाइने उल्लेख छ । घर भाडाका लागि तोकिएको रकम मासिकरूपमा किस्ताबन्दीमा सोही खातामा उपलब्ध गराइने जनाइएको छ । यदि, पुनर्स्थापना रकम प्राप्त नभएमा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको कार्यालयमा सम्पर्क गर्न भनिएको छ ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले सुकुमबासीहरूकै व्यवस्थापनका लागि यस्तो कदम चालिएको दाबी गरे । 'उहाँहरूको व्यवस्थापनकै लागि पुनर्स्थापना खर्च भनेर २५ हजार दिने भनेका हौं, त्यसपछि भाडाबापत खर्च पनि दिने भनेका छौं,' उनले भने ।

तर, दीर्घकालीन पुनर्स्थापनाको योजनाविना नै केही हजार रूपैयाँ हातमा थमाएर सरकारले सुकुमबासी नागरिकलाई पुनः सडकमै धकेल्न लागेको छ । सरोकारवालाहरूले यस विषयमा चासो व्यक्त गरेका छन् । होल्डिङ सेन्टरमा रहेका पीडितहरूले सरकारको निर्णय आफूहरूलाई बिचल्लीमा पार्नेगरी आएको बताएका छन् । उनीहरूले सरकारले दिने भनेको २५ हजार रूपैयाँ रकमले बस्ने व्यवस्थापन गर्न कठिन हुने बताए ।

कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा बसिरहेका राजकुमार माझीले आफूहरूलाई कुनै परामर्शविनै हट्न निर्देशन दिएको भन्दै गुनासो गरे । उनले भने, 'हामीलाई बोलाएर छलफलसमेत गरिएन । २५ हजार रूपैयाँको भरमा काठमाडौंमा कोठा खोजेर बस्न सम्भव छैन ।' उनले सुकुमबासीलाई राहत होइन, स्थायी व्यवस्थापन र लालपुर्जा चाहिएको बताए ।

होल्डिङ सेन्टरमै बसिरहेकी गीता लामाले पनि आफूहरूलाई अचानक हट्न समय तोकेरै भनिएको बताइन् । अब कहाँ जाने भन्ने कुनै टुंगो नभएको उनको भनाइ छ । 'यहाँदेखि हट्नु भन्ने सूचना आयो । अब कहाँ जाने २५ हजार लिएर ? न काम छ, न बस्ने ठाउँ ।'

हाल काठमाडौं उपत्यकाका विभिन्न होल्डिङ सेन्टरमा ३८८ परिवार बसिरहेका छन् । बाहिर स्व-व्यवस्थापन गरेर बसेका दुई हजार २२० परिवारको विवरण संकलन भइरहेको जनाइएको छ । प्रभावितहरू भने राहत रकमभन्दा सम्मानजनक पुनर्स्थापना र दीर्घकालीन बसोबासको सुनिश्चितता राज्यको प्राथमिक जिम्मेवारी हुनुपर्ने माग गरिरहेका छन् ।

वालेन्द्र सरकारले १०० दिनमा पूरा गर्ने १०० वटा शासकीय सुधारको सूची सार्वजनिक गर्दा ६० दिनभित्र भूमिहीन सुकुमबासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरूको तथ्यांक संकलन गर्ने जनाएको थियो । एक हजार दिनभित्र समस्या समाधान गर्ने घोषणा थियो ।

विस्थापित सुकुमबासी परिवारहरू भने दैनिक जीवनका लागि संघर्षरत छन् । बालबालिकाको पढाइ छुट्नु, स्वास्थ्य उपचारमा समस्या आउनु र स्थायी बसोबासको अन्योलले उनीहरूको संकट झन् गहिरिएको छ । उनीहरू बालेन्द्र सरकारको यस्तो निर्णयप्रति असन्तुष्ट देखिएका छन् ।

■■■

## संघको लागत...

छलफलकै क्रममा रहेकाले अहिले बाहिर ल्याउन उपयुक्त नहुने महासचिव डाँगीले बताए ।

यद्यपि, संघले अदक्ष कामदारलाई दुई महिनाको तलब, दक्ष कामदारलाई एक महिनाको तलब, विशेष दक्षता भएका कामदारलाई आधा महिनाको तलब र युरोपलगायत अति आकर्षक गन्तव्य मुलुकको हकमा एक महिनाको तलबबराबर सेवा शुल्क लिन पाउने प्रस्ताव मन्त्रालयसमक्ष राखेको स्रोतले बतायो । श्रमिकको दक्षता र सीपका आधारमा लागत छुट्याउँदा अदक्ष श्रमिकले दुई महिनाको तलब दिनुको साटो दक्ष भएर जान्छु भन्नसक्ने डाँगीले बताए । व्यवसायीहरूले पनि रोजगारीमा जाने श्रमिक दक्षता हासिल गरेर जाउन् भन्ने चाहेकाले श्रमिकको वर्गीकरण गरेर शुल्क प्रस्ताव गरिएको उनको भनाइ छ ।

श्रममन्त्री रामजी यादवले जेठ २२ गते सात सदस्यीय कार्यदल बनाएर रोजगारीमा जाने श्रमिकको सेवा शुल्क निर्धारण गरी सिफारिस गर्न निर्देशन दिएका थिए । यसका लागि ३५ दिनको समय तोकिएको छ । मन्त्रालयका प्रवक्ता तथा वैदेशिक रोजगार व्यवस्थापन महाशाखाका प्रमुख पिताम्बर घिमिरे संयोजक रहेको उक्त समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव, नेपाल राष्ट्र बैंकका उपसचिव, केन्द्रीय तथ्यांक कार्यालयका उपसचिव, चार्टर्ड एकाउन्टेन्ट, मन्त्रालयका सहसचिव गुरुदत्त सुवेदी र श्रमविद् रहेको जनाइएको छ । मन्त्रालयको छलफलमा कार्यदलका पदाधिकारी, संघका प्रतिनिधि, घटक संस्थाका अध्यक्षलगायत सहभागी थिए ।

हाल रोजगारीमा जाने कामदारलाई 'फ्रि-भिसा, फ्रि-टिकट'मा पठाउनुपर्ने नीति भए पनि करिब पाँचदेखि छ प्रतिशत श्रमिकमात्र फ्रि-भिसामा जाँदै आएको बताइन्छ । २०७२ जेठ २६ गतेदेखि कार्यान्वयनमा आएको यो प्रावधान व्यवहारमा लागू नहुँदा श्रमिक थप पीडित बन्दै आएका छन् ।

■■■

## पूर्वअर्थमन्त्री...

अदालतले उक्त माग स्वीकार गर्दै सात दिनको म्याद दिएको हो । पौडेलमाथि श्रीराम टोबाको कम्पनीको २० प्रतिशत सेयर खरिद-बिक्रीसँग सम्बन्धित विषयमा सम्पत्ति शुद्धीकरणको आशंकामा अनुसन्धान भइरहेको विभाग स्रोतले जनाएको छ । यसअघि विवादित व्यवसायी दीपक भट्टसहितका व्यक्तिविरुद्ध दायर गरिएको मुद्दाको अनुसन्धानकै क्रममा पौडेलको नाम जोडिएको विभागको दाबी छ । यद्यपि, अहिलेसम्म विभागले सार्वजनिकरूपमा पौडेलमाथि लागेको आरोपका विस्तृत आधारहरू खुलाएको छैन ।

यस्तै, मंगलबार विशेष अदालतमा पौडेलको पक्षबाट वरिष्ठ अधिवक्ता तथा पूर्वमहान्यायाधिवक्ता रमेश बडालसहितका कानुन व्यवसायीले बहस गरे । उनीहरूले पौडेलविरुद्ध कुनै पनि विश्वसनीय प्रमाण नभएको दाबी गर्दै हिरासतमा राखेर अनुसन्धान गर्नुपर्ने आवश्यकता नरहेको तर्क प्रस्तुत गरे ।

बडालले अदालतमा विवादित सेयर खरिद-बिक्रीमा पौडेल वा उनका परिवारको कुनै संलग्नता नरहेको जिकिर गरे । उनका अनुसार एउटा निजी कम्पनीको सेयर अर्को निजी कम्पनीले खरिद गरेको विषयलाई जबर्जस्ती पौडेलसँग जोडिएको छ ।

'त्यो सेयर विष्णु पौडेलले किनेको होइन, परिवारले पनि किनेको होइन । एउटा प्राइभेट कम्पनीको सेयर अर्को प्राइभेट कम्पनीले किनेछ । अनि यहाँ विष्णुप्रसाद पौडेल कहाँबाट जोडिन्छन् ?' बडालले इजलासमा प्रश्न गरे ।

उनले अनुसन्धान निकायले पौडेलको प्रत्यक्ष संलग्नता पुष्टि गर्ने कुनै प्रमाण पेस गर्न नसकेको दाबी गरे । पौडेलको फोनबाट कुनै निर्देशन गएको, अर्थ मन्त्रालयबाट कुनै निर्णय प्रभावित पारिएको वा आर्थिक लाभ लिएको देखाउने प्रमाण नभएको उनको भनाइ थियो ।

'यहाँ कुनै एसएमएस छ ? कुनै निर्देशन छ ? कुनै आर्थिक कारोबारको प्रमाण छ ? केही पनि छैन। अनि मान्छेको स्वतन्त्रता किन खोस्ने ?,' उनले सोधे ।

पौडेल भाग्ने वा प्रमाण नष्ट गर्ने अवस्था नरहेको तर्क पनि उनका कानुन व्यवसायीले अदालतसमक्ष राखेका थिए । उनी सार्वजनिक कार्यक्रममा निरन्तर सहभागी भइरहेका र अनुसन्धानबारे जानकारी हुँदाहुँदै पनि लुकेर नबसेको दाबी गरिएको थियो ।

■■■

## राजनीतिक...

'सरकार जसरी प्रस्तुत भइरहेको छ, त्यसको सशक्त प्रतिवाद आवश्यक छ । हामी सडक र सदनबाट जवाफ दिन्छौं,' ओलीको भनाइ थियो । दलको बैठकपछि एमाले सचिवालय बैठक ओली निवास गुण्डुमा बसेको छ । बैठकले पनि नेता पौडेलको पक्राउलाई गैरकानुनी र प्रतिशोधपूर्ण भएको ठहर गरेको छ ।


**राहदानी हराएको सूचना**

मिति २०८३/०२/२५ गते काठमाडौंस्थित कलंकीबाट गौशालासम्म जाने क्रममा **रोमनिया देश**मा भिषा लागिसकेको मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरी दिनु हुन अनुरोध गर्दछु ।

नाम थर : **सुनिल थारा मगर**
राहदानी नं : BA 0151909
ठेगाना : **काठमाडौं**
फोन नं : **९८५११२४८७६**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७८/०८/२९ मा दर्ता भएको **प्रा. लि. नं. २७९६८३** को **पेनफिक्स फिजियोथेरापी एण्ड वेट लस सेन्टर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०३/१० गते**

यस कम्पनीको मिति २०८३/०२/०१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कृषि जडिबुटी उत्पादन तथा अनुसन्धान कम्पनी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सन्चार कम्पनी प्रा.लि. (प्रा.लि.नं. २६९९७४/७८/७९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**दफा १२६ : स्वेच्छिक खारेजी-१ सम्बन्धी कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०२/०५ मा दर्ता भएको प्रा.लि.नं. २१५४६३ को **होटल मेलोडी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला अबधि थप गरिएको सूचना**

यस मुक्तिनाथ फर्टिलाइजर एण्ड केमिकल्स लिमिटेडको हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला सम्बन्धमा मिति २०८३/०१/१८, २०८३/०१/१९ र २०८३/०१/२० गतेको प्रभाव दैनिकमा प्रकाशित सुचना बमोजिम, कम्पनीको संस्थापक शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको १:२३ (एक शेयर बराबर नयाँ तेइस शेयर) ले हुने हकप्रद शेयर निष्काशन गर्न प्रति शेयर अंकित मूल्य रु.१००/- दरको २३,००,००० कित्ता हकप्रद साधारण शेयर मिति २०८३/२/०५ गते देखि मिति २०८३/०३/०९ गते सम्मको लागि बिक्री खुला गरिएकोमा सञ्चालक समितिको मिति २०८३/०३/०९ गतेको बैठकबाट थप १५ दिन अर्थात २०८३/०३/२४ गते सम्मको लागी समय थप गर्ने निर्णय भएको सम्बन्धित शेयरधनीहरुलाई जानकारी गराउँदै सो अवधिभित्र हकप्रद शेयरको दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

**मुक्तिनाथ फर्टिलाइजर एण्ड केमिकल्स लि.**
**MUKTINATH FERTILIZER & CHEMICALS LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.



**साउदीमा रोजगार** कम्पनी : COMPASS WORLD INVESTMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/०९ | LT. No. 343900 | चलानी नं. ६०२५७१९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1000 | ४०,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १७ गते (1st Jul. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३२८/०७४/७५
**EXCELLENT MANPOWER SERVICES PVT.LTD.**
Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np



**युएइमा रोजगार** कम्पनी : BAGU TOBACCO TECHNOLOGY FZ-LLC

पूर्व स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 343794 | चलानी नं. ६०२५७१११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 30 | 0 | 1200 | ४९,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १७ गते (1st July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**KALIKA HUMAN RESOURCE PVT LTD**
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

**कुवेतमा रोजगार** कम्पनी : KUWAITI COMPANY FOR FURNITURE MANUFACTURING AND TRADING

पूर्व स्वीकृति मिति : २०८३/०३/०९ | LT. No. 343892 | चलानी नं. ६०२५७१६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Furniture Carpenter | 6 | 0 | 175 | ८६,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Furniture Spray Painters | 6 | 0 | 175 | ८६,०१६ | | | | | | | |
| 3. | Helper | 15 | 0 | 125 | ६१,४४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १७ गते (1st July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | कामदार आफैं | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १४३५/०७४/७५
**KINGFISHER OVERSEAS PVT.LTD**
Gairigaun 9 Tinkune, Kathmandu, Nepal, Contact no.:+977-014112437/014112160
Cell : 9822518721, Email: kingfisheroverseasnepal@gmail.com

**साउदीमा रोजगार** कम्पनी : MUTAB EID AL-MUTAIRI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 343721 | चलानी नं. ६०२५७१३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 15 | 0 | 1000 | ४०,४३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RASIF BEVERAGE SERVICE ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 343720 | चलानी नं. ६०२५७१३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Server (Barista) | 2 | 0 | 1400 | ५६,६०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १७ गते (1st July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**GLOBAL RISING PLACEMENT PVT. LTD.**
Pingalasthan-9, Gaushala, Kathmandu, Nepal, Website: www.globalrisingplacement.com
Phone: 01- 5915317 | 5917318, Mobile: +977 980-1316653 | +977 980-1320919 | +977 980-1316619 | +977 970-5429619 | +977 980-1316614
E- mail: cv@globalrisingplacement.com.np
श्रम इजाजत नं. १६१६/०७९/०८०

**साउदीमा रोजगार** कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY a closed joint stock company

पूर्व स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 343790 | चलानी नं. ६०२५७१६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 1 | 0 | 1000 | ४०,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facility Cleaner | 20 | 0 | 1000 | ४०,४३० | | | | | | | |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १७ गते (1st Jul. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

**कतारमा रोजगार** कम्पनी : LIFE STYLE FOR CLEANING & MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८३/०३/०९ | LT. No. 343910 | चलानी नं. ६०२५७१६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 10 | 0 | 2000 | ८३,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 20 | 0 | 1000 | ४१,६२५ | | | | | | | |
| 3. | Cleaners Female | 0 | 15 | 1000 | ४१,६२५ | | | | | | | |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १७ गते (1st July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**RADIANT OVERSEAS PVT. LTD.**
RADIANT Govt. License No. 1016/068/69
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,
E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np

**कतार/कुवेतमा रोजगार** कम्पनी : I CITY SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०३/०९ | LT. No. 343880 | चलानी नं. ६०२५७२०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Agents | 0 | 20 | 1300 | ५५,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BLUSH & GLOW LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८३/०३/०९ | LT. No. 343925 | चलानी नं. ६०२५७२००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 5 | 150 | ७३,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist/pedicurist | 0 | 5 | 150 | ७३,५६० | | | | | | | |

कम्पनी : LADY LANA BEAUTY LADIES SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/०९ | LT. No. 343924 | चलानी नं. ६०२५७१९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 2 | 120 | ५८,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Light | 1 | 0 | 150 | ७३,५६० | | | | | | | |
| 3 | Hair Dress/hair Stylist | 0 | 3 | 150 | ७३,५६० | | | | | | | |
| 4 | Manicure/pedicure | 0 | 2 | 150 | ७३,५६० | | | | | | | |
| 5 | Nail Technicial(Manicurist/pedicurist) | 0 | 4 | 150 | ७३,५६० | | | | | | | |

कम्पनी : AL SARHAN TWO CENTRAL MARKET FOR NON FOOD

पूर्व स्वीकृति मिति : २०८३/०३/०९ | LT. No. 343926 | चलानी नं. ६०२२७२०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANAT AC TECHNICIAN | 2 | 0 | 140 | ६८,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Car Mechanics | 2 | 0 | 150 | ७३,५६० | | | | | | | |
| 3 | Cashier / Sales | 5 | 0 | 155 | ७६,०१० | | | | | | | |
| 4 | Cleaner General | 20 | 0 | 110 | ५३,९४५ | | | | | | | |
| 5 | DRIVER LIGHT | 3 | 0 | 150 | ७३,५६० | | | | | | | |
| 6 | sales/salesman | 12 | 0 | 140 | ६८,६५५ | | | | | | | |
| 7 | Securtiy Officer ( Male) | 5 | 0 | 140 | ६८,६५५ | | | | | | | |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १७ गते (1st Jul. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

# सार्वजनिक यातायातमा प्रविधिको निगरानी

**काठमाडौं–** काठमाडौं उपत्यकामा सञ्चालन हुने सार्वजनिक सेवाका सवारीसाधनलाई थप सुरक्षित, व्यवस्थित र यात्रुमैत्री बनाउने उद्देश्यले प्रविधिको प्रयोगमा जोड दिइएको छ । हालसम्म काठमाडौं उपत्यकामा तीन हजार ३०३ वटा सार्वजनिक सेवाका सवारीसाधनमा ड्यासक्यामरा, सिसीक्यामरा तथा जिपिएस प्रणाली जडान गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जानकारी दिएको छ ।

उपत्यकामा सञ्चालित सार्वजनिक यातायातका साधनमा यात्रुको सुरक्षा, सवारी व्यवस्थापन तथा निगरानी प्रभावकारी बनाउन ड्यासक्यामरा, सिसीक्यामरा र जिपिएस प्रणाली अनिवार्य जडान गर्नुपर्ने व्यवस्था लागू भएको छ । यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरीले सार्वजनिक सवारीसाधनमा उक्त प्रविधि जडान भए/नभएको विषयमा नियमित अनुगमन गर्न थालेपछि यातायात व्यवसायीहरूले पनि जडानलाई प्राथमिकता दिएका छन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले सार्वजनिक यातायातमा हुने यात्रुमाथिको दुर्व्यवहार, बढी भाडा असुली, सवारी सञ्चालनको अवस्थालगायत विषयको निगरानी तथा नियन्त्रणका लागि क्यामरा र जिपिएस प्रणाली प्रभावकारी हुने बताए । उनले भने, 'गाडीमा यात्रुलाई बढी भाडा लिने, यात्रुसँग हुने दुर्व्यवहार नियन्त्रण गर्न यो प्रणालीले निकै सहज बनाउने छ । विशेषगरी सवारी दुर्घटना हुँदा ठूलो सवारीसाधनको मात्र दोष देखिने प्रवृत्तिको अन्त्य गर्न तथा दुर्घटना बिमाको सम्भावित दुरूपयोग रोक्न पनि यसले सहयोग पुर्‍याउने छ ।'

उनका अनुसार जिपिएस प्रणाली जडान भएपछि सवारीधनीले पनि आफ्नो गाडी कुन स्थानमा छ, कस्तो अवस्थामा सञ्चालन भइरहेको छ भन्ने जानकारी सहजै प्राप्त गर्न सक्ने छन् । यसले सवारीसाधनको नियमित अनुगमन, चालकको जिम्मेवारी र यात्रुको सुरक्षामासमेत सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ ।

त्यस्तै, सार्वजनिक यातायातमा ड्यासक्यामरा र सिसीक्यामरा जडान भएपछि सवारीभित्र हुने गतिविधिको अभिलेख राख्न सकिने भएकाले विवाद समाधानमासमेत सहयोग पुग्ने अपेक्षा गरिएको ट्राफिक प्रहरी प्रमुख काफ्लेले बताए ।

उता नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका केन्द्रीय अध्यक्ष सरोज सिटौलाले सार्वजनिक सेवाका गाडीमा ड्यासक्यामरा र सिसीक्यामरालगायतका प्रविधि जडान गर्ने कार्य यातायात व्यवसायीका लागि सकारात्मक कदम भएको बताए । उनले भने, 'सार्वजनिक सेवाका सवारीमा ड्यासक्यामरा, सिसीक्यामरा र जिपिएस जडान गर्नु हाम्रा लागि राम्रो कुरा हो । तर त्यसका लागि सरकारले पनि स्पष्ट कार्यविधि ल्याउन आवश्यक छ । कार्यविधि बनेपछि हामी सबै सवारीसाधनमा जडान गरी अगाडि बढ्न तयार छौं ।'

सार्वजनिक यातायात क्षेत्रलाई सुरक्षित, पारदर्शी र उत्तरदायी बनाउन प्रविधिको प्रयोग आवश्यक रहेको भन्दै यातायात व्यवसायीहरूले समेत गाडीमा ड्यासक्यामरा र सिसीक्यामरालगायत प्रविधि जडानमा प्रतिबद्धता जनाएका छन् । *रासस*

# सामुदायिक विद्यालयको शिक्षा सुधारमा कामपाको जोड

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयको शिक्षा सुधार र विद्यार्थी मूल्यांकन र नतिजा अभिलेखनका लागि शिक्षकलाई प्रशिक्षण दिन थालेको छ ।

यसै सन्दर्भमा कामपाले कक्षा ४ र ५ का शिक्षकलाई विद्यार्थी मूल्यांकन र नतिजा अभिलेखनसम्बन्धी सरकारले जारी गरेको शासकीय सुधारको बुँदा नं ८९ कार्यान्वयनका लागि प्रशिक्षण सुरु गरेको कामपाको भनाइ छ । शिक्षा विभागका प्रमुख नमराज ढकालले भने, 'पहिलो चरणमा १८० जनालाई शिक्षकलाई प्रशिक्षित गरेको छ । आउँदो आइतबार थप १८० जनालाई तालिम प्रदान गर्ने कामपा शिक्षा विभागको योजना छ ।'

सरकारले जारी गरेको शासकीय सुधारसम्बन्धी कार्ययोजनाअन्तर्गतको ८९औं बुँदामा उल्लेख भएको कक्षा ४ र ५ का विद्यार्थीको नियमित मूल्यांकनसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तालिम सञ्चालन गरिएको हो । पहिलो चरणको तालिम समापन गर्दै शिक्षा विभागका प्रमुख नमराज ढकालले भने, 'तालिमले शिक्षकहरूलाई मूल्यांकन प्रणालीका विषय स्पष्टता कायम गरेको छ । आत्मविश्वास जगाएको छ ।'

शिक्षकहरूको उत्कृष्ट तथा नवीन अभ्यासहरूको आदानप्रदान, पाठ्यक्रमको परिचय र संरचना, विषयगत पाठ्यक्रम र तिनका विशेषता, नवीनतम् शिक्षण विधिको प्रयोग, विद्यार्थी मूल्यांकनका सम्भाव्य तरिका र साधनहरूको प्रयोग, सिकाइ उपलब्धि मूल्यांकन अभिलेख फारमको प्रयोग, जिपिए गणना र विद्यार्थीको प्रगति प्रतिवेदनको नमूना तयारीलगायत विषय तालिममा समावेश गरिएको थियो । तालिम सहजकर्ता सीता पाण्डेका अनुसार स्रोत शिक्षकहरूलाई स्रोतव्यक्तिका रूपमा राखेर तालिम सञ्चालन गरिएको हो ।

कामपाले चालु आर्थिक वर्षको यस अवधिमा एक हजार ६४६ जना शिक्षकहरूलाई विभिन्न विधामा तालिम प्रदान गरेको छ । यसमा बाल विकास सहजकर्ता (इसिडी) मा १२४ जना, मनोवैज्ञानिक र मनोसामाजिक परामर्शसम्बन्धी तालिममा १३४ जना, नेपाल भाषा प्रशिक्षणमा सामुदायिक विद्यालयतर्फ १६४, संस्थागततर्फ ११६ र विद्यार्थी मूल्यांकन तथा नतिजा अभिलेखनमा १८० जनालाई तालिम प्रदान गरिएको हो ।

सूचना तथा प्रविधिसम्बन्धी तालिममा ३८५ जना, एकीकृत पाठ्यक्रम कार्यान्वयन तथा मूल्यांकन र विषयगतरूपमा प्रश्नपत्र निर्माण तथा विद्यार्थी मूल्यांकनसम्बन्धी तालिममा ४६० र प्रारम्भिक बाल शिक्षादेखि कक्षा ३ सम्म अध्ययनरत विद्यार्थीको अपांगता पहिचानसम्बन्धी तालिममा ८३ जना शिक्षक सहभागी भए । असार महिनामा विद्यार्थी मूल्यांकन तथा नतिजा अभिलेखनसम्बन्धी थप १८० जना शिक्षकलाई तालिम दिने योजना कामपाको रहेको छ ।

## बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०३/१०**

यस पन्चकन्या सा.व.उ.स, तिनपाटन-९ सिन्धुलीबाट आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान ४०४ को ४४९४.७५ क्यू.फिट गोलिया काठ र दाउरा ४.५० चट्टा दाउरा साल जातको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**पन्चकन्या सा.व.उ.स, तिनपाटन-९ सिन्धुली**

## बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०३/१०**

यस धनिडाँडा सा.व.उ.स, तिनपाटन-९ सिन्धुलीबाट आ. व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान ३४९ को ४०३२.२९ क्यू. फिट गोलिया काठ र दाउरा ४.५० चट्टा दाउरा साल जातको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**धनिडाँडा सा.व.उ.स, तिनपाटन-९ सिन्धुली**

## कर्मचारी हटाइएको सूचना

सम्पूर्ण सम्बन्धित व्यक्तिहरूलाई जानकारी गराइन्छ कि नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Confident International Manpower Pvt. Ltd.** (श्रम इजाजत नं. १४२३/०७४/०७५) मा कार्यरत निम्न कर्मचारीलाई मिति २०८३ आषाढ ०९ गतेदेखि यस कम्पनीको सेवाबाट हटाइएको जानकारी गराइन्छ ।

निज व्यक्तिसँग यस कम्पनीको नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम, कारोबार वा गतिविधि नगर्नु/नगराउनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि कसैले निज व्यक्तिसँग यस कम्पनीको नाममा कुनै कारोबार गरेमा त्यसको जिम्मेवार यस प्रा.लि. हुने छैन ।

कर्मचारी विवरणः

| नाम, थर | ठेगाना | नागरिकता नं | पद |
|---|---|---|---|
| बिनु अधिकारी बस्नेत | भद्रकाली-८, सिन्धुली | २०१०२७/२१ | पब्लिक रिलेशन अफिसर |
| गहन लाल चौधरी | मोहन्पुर कमलापुर-०९, सिराहा | १७८१४ | पब्लिक रिलेशन अफिर |

**Confident International Manpower Pvt. Ltd.**
श्रम इजाजत नं. १४२३/०७४/०७५
सिनामंगल-९, काठमाडौं, नेपाल, फोनः ०१-५९१८९५७
इमेल : confident1423@gmail.com, वेब : www.confidentmanpower.com

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

## सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०३/१०**

नेपाल सरकारबाट वैदेशिक रोजगार संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **Jassim Trading and Services Pvt. Ltd.** (ई.प.नं. 332/059/60) काठमाडौंको सञ्चालक/सेयरधनीले आफ्नो नाममा कायम रहेको सेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम सेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम सेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविकका सेयरधनीहरूको नाम | अब कायम हुने सेयरधनीहरूको नाम |
|---|---|
| १. ब्रज किशोर यादव - (०१-३०,०००)<br>२. चन्द्रराज तिवारी (३०,००१-६०,०००) | १. ब्रज किशोर यादव - (०१-६०,०००) |

## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८३/०३/१० गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८३ असार १७ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

### सिमरा, बारा

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| १. **समिना खातुन**<br>ना.प्र.नं.-. १८८५२<br>जारी मिति - २०६२/०४/३१, जि.प्र.का. बारा<br>बाबु - रजाक मिया<br>बाजे - रमजान मिया<br>स्थायी ठेगाना- बारा जिल्ला, पिपरा सिमरा गा.बि.स., वडा नं. ०६<br>हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ०४ | १. **कासिम मिया धोबी**<br>ना.प्र.नं.-. ६९०३<br>जारी मिति - २०४७/०२/०१, जि.प्र.का. बारा<br>बाबु - छेनाहरी मिया धोबी<br>बाजे - रसुल मिया<br>स्थायी ठेगाना- बारा जिल्ला, पिपरा सिमरा गा.बि.स., वडा नं. ०६<br>हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ०४ |

**धितो सुरक्षणको विवरण**

१. **समिना खातुन**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, पिपरा सिमरा गा.बि.स. वडा नं. २ स्थित कित्ता नं. २४५८, ३५०७ र ३५०९ को क्षे.फ. ०-१४-१२, ०-०-१३ र ०-१-२-४ (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

### पुतलीसडक, काठमाण्डौ

**ऋणीको विवरण**

कम्पनी ऐन, २०७३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा मिति २०६१/०७/२० मा दर्ता नं. ३१४४२/०६१/०६२ कायम भई आन्तरिक राजश्व कार्यालय ललितपुरबाट मिति २०६१/०७/२४ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०१७०७९०१ रहेको ललितपुर जिल्ला, ललितपुर महानगरपालीका वडा नं.०८, ढोलाहिटि स्थित रजिष्टर्ड कार्यालय रहेको **शैलुङ कन्ष्ट्रक्सन कम्पनी प्रा.ली.** ।

**सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **शारदा प्रसाद अधिकारी**<br>ना.प्र.नं.- १८५२९<br>जारी मिति - २०४५/०४/११ जि.प्र.का. ललितपुर<br>बाबु - मोदनाथ अधिकारी<br>बाजे - रघुनाथ अधिकारी<br>पत्नी - ईन्दिरा अधिकारी<br>स्थायी ठेगाना- ललितपुर जिल्ला, सुनाकोठी, गा.बि.स./न.पा. वडा नं ८<br>२. **रमेश सुवेदी**<br>ना.प्र.नं.- ४७०८७<br>जारी मिति - २०५३/०९/२१ जि.प्र.का. नुवाकोट<br>बाबु - शिव प्रसाद सुवेदी<br>बाजे - जगन्नाथ सुवेदी<br>स्थायी ठेगाना- नुवाकोट जिल्ला, नर्जा मण्डप गा.बि.स./न.पा. वडा नं ५ | ३. **ईन्दिरा अधिकारी**<br>ना.प्र.नं.- ७२३९६<br>जारी मिति - २०५०/०६/०७, जि.प्र.का. नुवाकोट<br>बाबु - कमल प्रसाद देवकोटा<br>बाजे - शिव लाल देवकोटा<br>पति - शारदा प्रसाद अधिकारी<br>स्थायी ठेगाना- नुवाकोट जिल्ला, बागेश्वरी गा.बि.स./न.पा. वडा नं ३ |

**लिलाम हुने सम्पत्तिको विवरण**

धनि कुमारी बैक लि. र ऋणी **शैलुङ कन्ष्ट्रक्सन कम्पनी प्रा.ली.** कायम भएको तपसिलको सवारी साधनहरुः

| सवारी नं. | चे.नं. | ई.नं. | मोडल | यातायात कार्यालय |
|---|---|---|---|---|
| Ba.2.Ka. 9562 | XUGO215BCHKA00590 | 6BG1-371729 | XCMG Hydraulic Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9564 | XUGO215BLHKA00584 | 6BG1-371949 | XCMG Hydraulic Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9563 | XUGO215BTHKA00591 | 6BG1-371899 | XCMG Hydraulic Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9566 | XUGO215BCHKA00564 | 6BG1-369356 | XCMG Hydraulic Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9567 | XUGO215BLHKA00570 | 6BG1-369749 | XCMG Hydraulic Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9823 | 861583552130 | 6039 1204 | XCMG Co. Ltd. Vibrator Roller | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9824 | 861583552129 | 6039 1211 | XCMG Co. Ltd. Vibrator Roller | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.3.Ka 50 | XUG04037LGJE03388 | C6230 1316A | XCMG Roller | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.3.Ka 227 | XUG13503EHDB00149 | 7846 3086 | XCMG, MOTOR GRADER | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| BA 3 KA 2558 | XUG0050GPHLB10925 | 1217J0 06505 | XCMG WHEEL LOADER | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| BA 3 KA 2557 | XUG0215AHKA000573 | 6BG1-364989 | XCMG EXCAVATOR 215, 2017 | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |

माथि उल्लेखित **XCMG Hydraulic Excavator** मा प्रगोग हुने ५ थान **Hammer F15, Hydrolic Rock Breaker.**

### लालदरबार

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| १. **राजु सार्की**<br>ना.प्र.नं.- १०३८-०४८/४९<br>जारी मिति - २०४८/१०/०८ जि.प्र.का. धादिङ्ग<br>बाबु - पंचलाल सार्की<br>बाजे - जित बहादुर सार्की<br>स्थायी ठेगाना- धादिङ्ग जिल्ला, पिडा न.पा. वडा नं. ०१<br>हालको ठेगाना- ऐ.ऐ | १. **बसन्ती सार्की**<br>ना.प्र.नं.- २६३०४०/२१२<br>जारी मिति - २०६३/१०/२९ जि.प्र.का. धादिङ्ग<br>बाबु- पंच ब.सार्की<br>पति- राजु सार्की<br>स्थायी ठेगाना- धादिङ्ग जिल्ला, पिडा न.पा. वडा नं. ०१<br>हालको ठेगाना- ऐ.ऐ |

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **राजु सार्की**को नाममा मालपोत कार्यालय, धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स/न.पा वडा नं. ७ स्थित कित्ता नं. ११५ र २३७ को क्षे.फ. क्रमश ९-४-१-१ र ४-१०-०-० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।

१. **राजु सार्की**को नाममा मालपोत कार्यालय, धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स/न.पा वडा नं. ९ स्थित कित्ता नं. ५१८ र ५२२ को क्षे.फ. क्रमश ३-१५-१-० र ०-१-०-० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।

### धनगढी, कैलाली

**ऋणीहरूको विवरण**

| | |
|---|---|
| क. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलालीमा मिति २०७०/०६/०२ मा प्रा.फ.नं. ९७/७१७५ कायम भई दर्ता रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा./न.पा. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **शान्तिकुन्ज निर्माण सेवा** (साविक ए.के. सेभन निर्माण सेवा) ।<br>ख. **भरत खड्का**<br>ना.प्र.नं.- ३५१७९<br>जारी मिति - २०५७/०३/११, जि.प्र.का. कैलाली<br>बाबु - लोक राज खड्का<br>बाजे -कुल बहादुर खड्का<br>स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी न.पा./उ.म.न.पा.,वडा नं.०३ | ग. **दिनेश खड्का**<br>ना.प्र.नं.- ६७१०२०/३३३२<br>जारी मिति - २०६४/१०/१५, जि.प्र.का. कैलाली<br>बाबु - लोक राज खड्का<br>बाजे -कुल बहादुर खड्का<br>स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी न.पा./उ.म.न.पा.,वडा नं.०३ |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **भरत खड्का**<br>ना.प्र.नं.- ३५१७९<br>जारी मिति - २०५७/०३/११, जि.प्र.का. कैलाली<br>बाबु - लोक राज खड्का<br>बाजे - कुल बहादुर खड्का<br>स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी न.पा./उ.म.न.पा.,वडा नं.०३<br>२. **दिनेश खड्का**<br>ना.प्र.नं.- ६७१०२०/३३३२<br>जारी मिति - २०६४/१०/१५, जि.प्र.का. कैलाली<br>बाबु - लोक राज खड्का<br>बाजे -कुल बहादुर खड्का<br>स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी न.पा./उ.म.न.पा.,वडा नं.०३<br>३. **जलधरा खड्का**<br>ना.प्र.नं.- ३४७१७<br>जारी मिति - २०५७/०२/१२, जि.प्र.का. कैलाली<br>बाबु - रन सिंह बुडा<br>ससुरा -कुल बहादुर खड्का<br>स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी न.पा./उ.म.न.पा.,वडा नं.०३ | ४. **उमेश खड्का**<br>ना.प्र.नं.- ७०५६२<br>जारी मिति - २०६३/०३/२८, जि.प्र.का. कैलाली<br>बाबु - लोक राज खड्का<br>बाजे -कुल बहादुर खड्का<br>स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी न.पा./उ.म.न.पा.,वडा नं.०३<br>५. **नयश्वरी देवी खड्का**<br>ना.प्र.नं.- ६७१०२०/५०२८<br>जारी मिति - २०६७/०६/०७, जि.प्र.का. कैलाली<br>बाबु - सरभान बोगटी<br>ससुरा- लोक राज खड्का<br>स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी न.पा./उ.म.न.पा., वडा नं.०३ |

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **जलधरा खड्का**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा./ न.पा. वडा नं. ०३ स्थित कित्ता नं. ८१८ को क्षेत्रफल ३,५९३.९७ (व.मि.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. धनी कुमारी बैंक लि. र ऋणी **शान्तिकुन्ज निर्माण सेवा** (साविक ए.के. सेभन निर्माण सेवा) को नाममा सेती, अञ्चल यातायात व्यवस्था कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको ईन्जिन नं. 84809447, च्यासिस नं. PUNJD20BLJ2751854 सवारी नं. से १ क ११६२ को JCB Excavator थान १ ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८३ असार १६ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (**Good For Payment**) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८३ असार १७ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८३ असार १७ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## 'ग्रे लिस्ट'मा निरन्तरताको चुनौती

सम्पत्ति शुद्धीकरण मामिलाको निगरानी गर्ने अन्तर्राष्ट्रिय निकाय 'वित्तीय कारबाही कार्यदल' (फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ)ले नेपाललाई अझै पनि निगरानी सूची अर्थात् 'ग्रे लिस्ट' (खैरो सूची) मा नै कायम राख्ने निर्णय गर्नु मुलुकको अर्थतन्त्र र अन्तर्राष्ट्रिय साखका लागि गम्भीर चिन्ताको विषय हो । गत असार ५ गते भएको एफएटिएफको पछिल्लो समीक्षा बैठकले नेपालले कानुन परिपालना र संरचनागत सुधारमा केही कदम चाले पनि ती प्रयासहरू अझै अपर्याप्त रहेको ठहर गरेको छ । यसले के स्पष्ट पार्छ भने अन्तर्राष्ट्रिय जगतले हाम्रा कागजी प्रतिबद्धता र सुस्त सुधारका कदमहरूलाई मात्र पर्याप्त मानेको छैन, बरु प्रणालीगत र नतिजामुखी कार्यान्वयनको खोजी गरिरहेको छ ।

नेपाल २०८१ फागुनमा यस सूचीमा परेपछि वित्तीय प्रणालीको प्रभावकारिता सुदृढ बनाउन उच्चस्तरीय राजनीतिक प्रतिबद्धता त व्यक्त गरियो, तर त्यसअनुरूपको व्यावहारिक नतिजा देखिएन । एफएटिएफले औंल्याएका कमजोरीहरू हाम्रै आन्तरिक सुशासन र कानुनी छिद्रका उपज हुन् । विशेषगरी वाणिज्य बैंक, उच्च जोखिम भएका सहकारी संस्थाहरू, क्यासिनो, घरजग्गा कारोबार तथा बहुमूल्य धातु र पत्थर व्यवसायीजस्ता क्षेत्रहरूमा जोखिममा आधारित निरीक्षण कडा हुन सकेको छैन । यी क्षेत्रहरू अवैध धन ओसारपसार र भण्डारणका सुरक्षित अखडा बन्ने जोखिम उच्च रहँदा रहँदै पनि राज्यका नियामक निकायहरूले देखाएको उदासीनताकै कारण आज देशले अन्तर्राष्ट्रिय मञ्चमा यो अपमान झेल्नुपरेको हो ।

विशेषगरी नेपालको अर्थतन्त्रलाई लामो समयदेखि गाँजिरहेको हुण्डी र गैरकानुनी मुद्रा हस्तान्तरणको जालो तोड्न नसक्नु हाम्रो अर्को ठूलो कमजोरी हो । वित्तीय समावेशीकरणमा असर नपर्नेगरी यस्ता अवैध सेवा प्रदायकहरूको पहिचान गरी कडा कानुनी कारबाही गर्नु आजको अपरिहार्य आवश्यकता हो । तर, राजनीतिक संरक्षण र कमजोर इच्छाशक्तिका कारण यस्ता अपराधहरू रोकिनुको साटो झन् संस्थागत भइरहेका छन् । एफएटिएफले सम्पत्ति शुद्धीकरण मामिला हेर्ने निकायहरूको क्षमता अभिवृद्धि गर्न, अनुसन्धान र अभियोजन प्रक्रियालाई चुस्त बनाउन र अपराधबाट आर्जित सम्पत्ति जफत गरी राज्यको स्वामित्वमा ल्याउने कार्य प्रभावकारी बनाउन स्पष्ट सुझाव दिएको छ । अब केवल अनुसन्धान सुरु गरेरमात्र पुग्दैन, अभियोजनको संख्या र त्यसको प्रभावकारिता बढेको कुरा तथ्यांक र नतिजाबाट प्रमाणित गरेर देखाउनुपर्ने चुनौती नेपालसामु छ ।

यसअघि सन् २०१४ मा स्पष्ट मार्गचित्र बनाएर नेपाल खैरो सूचीबाट बाहिर निस्कन सफल भएको इतिहास हाम्रासामु छ । अहिले पनि संकट टरिसकेको छैन, तर समय छँदै रणनीतिक र ठोस कदम नचाल्ने हो भने नेपाल 'ब्ल्याक लिस्ट' (कालो सूची) मा पर्न सक्ने जोखिम रहन्छ, जसले मुलुकको वैदेशिक व्यापार, वैदेशिक सहायता, रेमिटयान्स प्रवाह र समग्र बैंकिङ प्रणालीलाई नै ठप्प पार्न सक्छ । तसर्थ, सरकार र सम्बद्ध निकायहरूलाई अब ढिलासुस्ती र आलटाल गर्ने छुट छैन । तत्काल एक स्पष्ट, गतिशील र समयसीमासहितको कार्ययोजना बनाएर सम्पत्ति शुद्धीकरणविरुद्धको अनुसन्धान, आपसी समन्वय र कानुनी परिपालनालाई युद्धस्तरमा अगाडि बढाउनैपर्छ । राज्यको वित्तीय प्रणालीलाई पारदर्शी र अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सुरक्षित बनाउनु नै अहिलेको राष्ट्रिय प्राथमिकता हुनुपर्दछ ।

### श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**


योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

# विकासमा पुँजी उत्पादन र प्रतिफल अनुपात



❑ गम्भीरबहादुर हाडा

" पुँजी निर्माण तथा लगानीपश्चात् मात्र राष्ट्रको आम्दानी, उद्योग वा कम्पनीको आम्दानीमा गतिशीलता आउने वा आय वृद्धि हुने कुरा सर्वविदितै छ । यदि कुनै राष्ट्रको अर्थतन्त्रमा वा निजी कम्पनी उद्योग, फर्म आदि क्षेत्रमा जुन तहमा पुँजी लगानी गरिन्छ, पुँजी निर्माण गरिन्छ सोहीअनुरूप प्रतिफल प्राप्त हुनु, आम्दानी वृद्धि हुनुलाई पुँजीको प्रतिफल वा उत्पादन अनुपात भनिन्छ । स्पष्टरूपमा भन्नुपर्दा यो पुँजी लगानीको मूल्य र उत्पादन प्रतिफल मूल्यबीचको सम्बन्ध नै पुँजीको उत्पादन अनुपात हो ।

कुनै पनि राष्ट्रको अर्थतन्त्र सन्तुलित र दिगोरूपमा अगाडि बढ्नका लागि विभिन्न तत्वहरू जिम्मेवार रहेका छन् । एउटा देशको अर्थतन्त्र वा उद्योग, कम्पनी राम्ररी सञ्चालन गर्नका लागि पुँजी आधारभूत तत्वका रूपमा रहेको हुन्छ । विश्लेषकहरू तर्क गर्दछन् कि, पुँजी कुनै पनि मुलुकको अर्थतन्त्र सुदृढ गर्ने एउटामात्र केन्द्रीय तत्व होइन तर मुलुकको आर्थिक वृद्धिमा यसको निर्णायक भूमिका भने उच्च रहने गर्दछ । स्पष्ट छ कि, राष्ट्रका कम्पनी वा उद्योगको अर्थतन्त्रमा पुँजीको लगानी र आम्दानीबीचमा पारस्परिक सम्बन्ध रहेको हुन्छ ।

पुँजी निर्माण तथा लगानीपश्चात् मात्र राष्ट्रको आम्दानी, उद्योग वा कम्पनीको आम्दानीमा गतिशीलता आउने वा आय वृद्धि हुने कुरा सर्वविदितै छ । यदि कुनै राष्ट्रको अर्थतन्त्रमा वा निजी कम्पनी उद्योग, फर्म आदि क्षेत्रमा जुन तहमा पुँजी लगानी गरिन्छ, पुँजी निर्माण गरिन्छ सोहीअनुरूप प्रतिफल प्राप्त हुनु, आम्दानी वृद्धि हुनुलाई पुँजीको प्रतिफल वा उत्पादन अनुपात भनिन्छ । स्पष्टरूपमा भन्नुपर्दा यो पुँजी लगानीको मूल्य र उत्पादन प्रतिफल मूल्यबीचको सम्बन्ध नै पुँजीको उत्पादन अनुपात हो ।

पुँजी प्रतिफल अथवा उत्पादन अनुपात औसत पुँजी प्रतिफल र सीमान्त वा वृद्धि पुँजी-प्रतिफल अनुपात गरी दुई प्रकारको हुन्छ । औसत पुँजी उत्पादन वा प्रतिफल अनुपात भन्नाले पुँजीको मौज्दात (एक्जिस्टिङ स्टक) र वर्तमान प्रतिफलको परिणाम प्रभाव (रिजल्टचाण्ट फ्लो) बीचको सम्बन्धलाई बुझाउँछ । औसत पुँजी प्रतिफल अथवा उत्पादन अनुपातले विद्यमान पुँजीको मौज्दात तथा त्यसको परिणाममा भएको वर्तमान उत्पादन प्रवाहबीचको सम्बन्ध देखाउँछ । औसत पुँजी उत्पादन अनुपातले विगतमा लगानी गरिएको तथा सम्पूर्ण आम्दानीलाई जनाउँछ ।

त्यसैगरी सीमान्त तथा वृद्धि पुँजी प्रतिफल अनुपात भन्नाले प्रतिफलको वृद्धि रकम र पुँजी सञ्चयको वृद्धिमा देखापरेको परिणामबीचको सम्बन्धलाई बुझिन्छ । डि व्राइट सिहंको भनाइअनुसार सीमान्त वा वर्द्धनीय पुँजी उत्पादन अनुपात भनेको एउटै समय अवधिमा पुँजीमा भएको वृद्धि तथा उत्पादनमा भएको वृद्धिबीचको सम्बन्ध हो ।

### पुँजीको प्रतिफल अनुपातलाई प्रभाव पार्ने तत्वहरु

विभिन्न मुलुकअनुसार पुँजी उत्पादन तथा प्रतिफल अनुपात फरक-फरक हुन्छ । कुनै अर्थतन्त्रमा पुँजी प्रतिफल अनुपात विशेषगरी प्रतिफलको ढाँचामा आधारित हुन्छ । जुन विशेष पुँजी लगानीबाट प्राप्त हुन्छ । पुँजी प्रतिफल अनुपातलाई प्रभाव पार्ने विभिन्न तत्वहरू यसप्रकार छन्:

(१) **उपयोग गरिएको पुँजी रकमः**

प्रयोगमा ल्याइएको पुँजीको रकम पुँजी प्रतिफल अनुपात निर्धारण गर्ने महत्त्वपूर्ण तत्व हो । वार्षिकरूपमा लगानी गरिएको राष्ट्रिय आम्दानीको समानुपातमा नै पुँजीको प्रतिफल उत्पादन अनुपात निर्भर रहन्छ ।

(२) **जनसंख्या वृद्धिः**

हेगेनका अनुसार अल्पविकसित राष्ट्रहरूमा जनसंख्या तीव्ररूपमा बढिरहेको हुन्छ । जसले गर्दा पुँजीको प्रतिफल अनुपात न्यून हुन्छ । सामाजिक खर्चका लागि पुँजीको बचत गरिन्छ । यदि बढ्दो जनसंख्या कृषि क्षेत्रमा समावेश भएको छ भने पुँजी प्रतिफल अनुपात न्यून हुन्छ किनभने कृषि व्यवसाय निम्न पुँजी प्रकृतिको हुन्छ । यदि बढ्दो जनसंख्या सहरकेन्द्रित छ भने पुँजीप्रतिफल अनुपात निश्चितरूपमा वृद्धि हुन्छ । किनभने विद्यालय, पानी, बिजुली आदि आवश्यकता पूर्ति गर्नका लागि थुप्रै पुँजी लगानी गरिन्छ ।

(३) **प्राकृतिक स्रोतहरूको आपूर्तिः**

प्राकृतिक स्रोतको उपलब्धतामा पुँजी प्रतिफल अनुपात निर्भर रहन्छ । कुनै राष्ट्रमा प्रशस्त प्राकृतिक स्रोतका कारण निम्न पुँजी प्रतिफल अनुपात हुन्छ किनभने प्राकृतिक स्रोतलाई पुँजी प्रतिस्थापन गर्ने सम्भावना रहेको हुन्छ । पुँजी स्रोतको अभावले गर्दा पनि पुँजी प्रतिफल अनुपात वृद्धि हुन्छ । उदाहरणका लागि नर्वेको पुँजी प्रतिफल अनुपात उच्च रहेको छ । जसमा प्राकृतिक स्रोत आपूर्तिको हात रहेको देखिन्छ ।

(४) **प्रविधि विकासको तहः**

प्रविधिको विकासले पुँजीको प्रतिफल अनुपातलाई प्रभाव पार्दछ । यदि प्रविधि अन्वेषणका कारण प्रविधिको प्रगति भइरहेको छ भने पुँजीको प्रतिफल अनुपात पनि बढ्ने दिशामा हुन्छ । प्राविधिक विकासको प्रकृतिले पुँजी तथा श्रम केन्द्रित अन्वेषणलाई जोड दिन्छ । यदि प्रविधिको विकास पुँजी केन्द्रित भएमा निश्चय नै पुँजीको प्रतिफल अनुपात उच्च हुन्छ र पनि प्राविधिक विकास श्रम केन्द्रित भएमा पुँजीको प्रतिफल अनुपात न्यून हुन्छ अर्थात् घट्दछ ।

(५) **माग ढाँचाः**

मागको ढाँचाले पनि पुँजीको प्रतिफल अनुपातलाई प्रभाव पार्दछ । पूर्ण प्रतिस्पर्धाको अर्थतन्त्रमा उल्लिखित मूल्य र आम्दानीमा नै प्राथमिकता तथा रुचिहरूमा परिवर्तन आउँछ भने समयअनुसार मागको ढाँचामा परिवर्तन आउँछ । यसले पुँजीको माग र पुँजीको प्रतिफल अनुपातमा प्रभाव पार्दछ ।

(६) **रोजगार नीतिः**

रोजगार नीतिमा पनि पुँजीको प्रतिफल अनुपात निर्भर रहन्छ । उच्च जनसंख्या भएको मुलुकमा राज्यको नीति वेरोजगारहरूलाई राहत प्रदान गर्ने दिशामा हुन्छ । जसले गर्दा बाटो, पानी, स्वास्थ्य, शिक्षा र सामाजिक क्षेत्रमा पुँजी लगानी गर्नुपर्दछ । यदि औद्योगिक क्षेत्रमा बेरोजगारहरूलाई सरकारको नीति केन्द्रित रहेको छ भने कृषि अर्थतन्त्र अवलम्बन गरेका राष्ट्रहरूको तुलनामा पुँजीको प्रतिफल अनुपात न्यून हुन्छ ।

(७) **लगानीदरः**

पुँजीको प्रतिफल अनुपात लगानीको दरमा पनि निर्भर रहन्छ । लगानीको दरसँग पुँजीको प्रतिफल दरको सोझो समानुपातिक सम्बन्ध रहेको हुन्छ । उदाहरणका लागि यदि राष्ट्रमा रेलमार्ग, बाटो, विद्यालय, अस्पताल आदिमा उच्च लगानी गरिएको छ भने पुँजी प्रतिफल अनुपात उच्च रहेको हुन्छ । यदि कृषि र साना उद्योगमा लगानी गरिएको छ भने पुँजी अनुपात प्रतिफल न्यून हुन्छ ।

(८) **साधनहरूको मूल्य परिवर्तनः**

उत्पादन साधनहरूको मूल्यमा परिवर्तन हुनाले प्रतिस्थापन प्रभावद्वारा पुँजी-उत्पादन अनुपात परिवर्तन हुन्छ । यदि ज्याला, ब्याज, कच्चा पदार्थको मूल्यवृद्धि भएमा लगानीको लागत बढ्छ र पुँजी-उत्पादन अनुपात पनि बढ्छ ।

(९) **रोजगारीको स्थितिः**

देशमा बेरोजगारी अति कम छ भने पुँजीलाई राष्ट्रिय आय वृद्धि गर्न प्रयोग गरिन्छ, जसबाट पुँजी उत्पादन अनुपात कम हुन्छ । तर देशमा व्यापक बेरोजगारी छ भने उपलब्ध पुँजीको अधिकांश भाग रोजगारी दिन सार्वजनिक निर्माण कार्यमा खर्च गरिन्छ । यसबाट विकासको दर घट्छ र पुँजी उत्पादन अथवा प्रतिफल अनुपात बढ्छ ।

(१०) **शिक्षाको प्रसारः**

देशमा शिक्षा व्यापकरूपमा प्रसार भएको छ भने श्रमको कार्यकुशलता बढ्छ । यसले गर्दा उत्पादनका साधनहरू उच्चस्तरीयरूपमा प्रयोग हुन्छ र उत्पादकत्व वृद्धि हुन्छ । फलस्वरूप पुँजी-उत्पादन अनुपात घट्छ । अशिक्षा व्याप्त रहेको देशमा पुँजी-उत्पादन अनुपात बढी हुन्छ ।

(११) **आर्थिक-सामाजिक आधारशीलाः**

विकासको प्रारम्भिक चरणमा आर्थिक-सामाजिक आधारशीलामा अत्यधिक खर्च गर्नुपर्दछ । यसले गर्दा पुँजी उत्पादन अनुपात बढी हुन्छ । तर यी सुविधाहरूबाट प्रतिफल प्राप्त हुन थालेपछि पुँजी उत्पादन अनुपात कम हुन्छ ।

पुँजीको प्रतिफल अनुपातमा प्रभाव पार्ने अन्य तत्वहरूमा शिक्षाको विस्तार, सहरीकरण, औद्योगिकीकरण, आयात र निर्यातको प्रभाव, संगठनात्मक सीपको गुण, सामाजिक/आर्थिक खर्चको उपयोगलगायत रहेका छन् ।

### पुँजी उत्पादन अथवा प्रतिफल कहिले बढी हुन्छ ?

यदि देशमा भारी उद्योगहरूको स्थापना गरिन्छ भने पुँजी उत्पादन अनुपात बढी हुन्छ । यसैगरी युद्धोपरान्त अथवा बाढी र भूकम्पपछि विभिन्न सार्वजनिक कार्यहरू (घर, सडक आदिको निर्माण) धेरै हुँदा, साना तथा घरेलु उद्योगहरूभन्दा ठूला उद्योगहरूको विकास र विस्तारलाई बढी महत्त्व दिँदा, पुँजीगत सामानको क्षमतालाई पूर्ण उपयोग नगरिएमा पुँजी उत्पादन अनुपात बढी हुन्छ । कर वृद्धि, मजदुरी वृद्धि र कच्चा मालको मूल्यमा वृद्धि गरेर पुँजी उत्पादन अनुपातमा प्रतिकूल प्रभाव पार्दछ । अर्थात् यस्तो अवस्थामा यो अनुपात बढ्न जान्छ ।

उद्यमकर्ता, प्रबन्धकर्ता र श्रमिकहरूको अकुशल भएमा उत्पादकता घट्न जान्छ, जसले गर्दा पुँजी उत्पादन अनुपात बढ्न जान्छ । उत्पत्ति ह्रास नियम लागू भएमा पनि पुँजी उत्पादन अनुपात बढ्न जान्छ । दीर्घ समय अन्तराल भएको परियोजनाहरूमा पनि पुँजी उत्पादन अनुपात बढ्छ । पुँजीप्रधान प्रविधिहरू अपनाएमा पनि पुँजी उत्पादन अनुपात बढ्न जान्छ ।

### पुँजी उत्पादन अनुपात कहिले कम हुन्छ ?

यदि देशमा भारी उद्योगहरूभन्दा लघु तथा घरेलु उद्योगको स्थापना र त्यसको विस्तार भइरहेको छ, देशमा श्रमप्रधान प्रविधि अपनाइरहेको छ, उद्योगहरूको समस्त क्षमताको उपयोग गरिरहेको छ, उत्पादन वृद्धि नियम लागू भइरहेको छ भने पुँजी उत्पादन अनुपात न्यून हुन्छ । यसैगरी देशको उद्यमकर्ता, प्रबन्धकर्ता र श्रमिक कुशल छ, कम समय अन्तराल भएका परियोजनाहरू चालु छ, देशमा आन्तरिक र बाह्य किफायतहरू उपलब्ध भइरहेको छ वा यदि देशमा नयाँ-नयाँ साधनहरूको खोजी गरिरहेको छ भने यस्तो अनुपात कम हुन जान्छ ।

उच्च पुँजी उत्पादन अनुपात पक्षका तर्कअनुसार अल्पविकसित मुलुकमा पुँजीको प्रतिफल अनुपात उच्च हुनुपर्दछ । किनकि यहाँ पुँजी स्रोतहरू प्रयोगहीन अवस्थामा रहेका हुन्छन् । उत्पादनको परम्परावादी सोचले गर्दा त्यहाँ थुप्रै पुँजीका स्रोतहरू प्रयोगविहीन अवस्थामा रहेका हुन्छन् । अल्पविकसित मुलुकमा प्राकृतिक स्रोतहरूको आपूर्ति सीमित हुन्छ र तिनीहरूलाई पुँजीद्वारा धेरैभन्दा धेरै प्रतिस्थापन गर्नुपर्दछ, जसले गर्दा पुँजी प्रतिफल अनुपात वृद्धि हुन्छ ।

अल्पविकसित मुलुकमा थुप्रै सामाजिक/आर्थिक खर्चहरू: यातायात, शक्ति, शिक्षा आदिमा आवश्यक पर्दछ । जुन खर्च पुँजीद्वारा प्रभावित हुन्छन् । प्राविधिक पछौटेपन उच्च पुँजी प्रतिफल अनुपातको मुख्य कारण हो, पिछडिएका प्राविधिक कारण पुँजी कम उत्पादनमुखी हुन्छ । अल्पविकसित मुलुकमा पुँजीको प्रतिफल अनुपात उच्च हुनुपर्दछ । जहाँ प्राकृतिक स्रोतहरूको उपयोग गर्नका लागि उच्च मात्रामा पुँजीको आवश्यक पर्दछ । अल्पविकसित मुलुकमा नयाँ मेसिन, औजार तथा इन्टरप्राइजेज हरेक कच्चा पदार्थ र पुँजी लगानीभन्दा टाढा रहेका हुन्छन्, जसले गर्दा पुँजीको प्रतिफल अनुपात उच्च हुन्छ । अल्पविकसित राष्ट्रमा पुँजीयोग्य वस्तु, पुँजी निर्देशित वस्तुविना काम गर्ने कुशलता कम रहेको हुन्छ जसले गर्दा पुँजीकेन्द्रित वस्तुको उत्पादनमा उच्च खर्च लाग्दछ र पुँजीको प्रतिफल अनुपात उच्च हुन्छ ।

न्यून पुँजी उत्पादन तथा प्रतिफल अनुपातपक्षका तर्कअनुसार अस्तित्वमा रहेको पुँजीको पूर्ण परिचालनले पुँजीको प्रतिफललाई न्यून बनाउँछ । एउटा अल्पविकसित राष्ट्र पुँजीको अभावले गर्दा पुँजी बचततर्फ लागेको हुन्छ र तिनीहरूले श्रमकेन्द्रित प्रविधिलाई अवलम्बन गर्दछ जसले गर्दा न्यून पुँजीको आवश्यकता पर्दछ । जनसंख्याको वृद्धिले गर्दा पुँजीको प्रतिफल अनुपात घट्दो हुन्छ । अल्पविकसित मुलुकमा पुँजी लगानीका कारण प्रतिफल बढेको पाइन्छ । जहाँ प्राकृतिक स्रोत र साधनको उच्च उपयोग गरिएको हुन्छ । स्रोत र साधनको पूर्ण परिचालनका कारण पुँजीको प्रतिफल अनुपात न्यून हुन्छ । कृषि उत्पादन तथा श्रम केन्द्रित विकासका कार्यहरू गर्ने सम्बन्धमा पुँजी प्रतिफल अनुपात न्यून हुन्छ । योजनाबद्ध अर्थतन्त्रको तुलनामा योजनाविहीन अर्थतन्त्रमा पुँजीको प्रतिएकाइ प्रतिफल न्यून हुन्छ ।

पुँजीको प्रतिफल अनुपातका सीमाहरूमा विश्वसनीय तथ्यांकको अभाव पुँजीको प्रतिफल अनुपात स्थिर नहुनु, विश्लेषणका विश्वसनीय सामग्री नहुनु, मन्दीमा उपयोगी हुदैन मानव पुँजीको बेवास्ता, प्राविधिक परिवर्तन उपयुक्त मान्यताको अभावलगायत रहेका छन् ।

### पाठक मञ्च

## रास्वपालाई एक नागरिकको सुझाव

रास्वपा महाधिवेशनमा आन्तरिक गुटबन्दी भइरहेको समाचारले म जस्ता देशमा राजनीतिक परिवर्तन र नयाँपनको आश राख्ने आमनागरिकलाई गम्भीर र चिन्तित बनाएको छ । 'पुरानो दलले देश बिगारे, अब नयाँ र सक्षम व्यक्तिहरू आउनुपर्छ' भन्दै वैकल्पिक राजनीतिको नारा लिएर उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्थापनाको छोटो समयमै परम्परागत दलहरूकै जस्तो सत्ता, शक्ति र गुटबन्दीको फोहोरी खेलमा अलमलिएको देख्दा स्तब्ध हुनुपर्ने अवस्था सिर्जना भएको छ ।

रास्वपाको जारी महाधिवेशनमा सौहार्द्रपूर्ण र विचारकेन्द्रित बहस हुनुपर्नेमा शीर्ष नेताहरू नै गुट उपगुटमा विभाजित हुनु, महाधिवेशन प्रतिनिधिको विवादका कारण बन्दसत्र नै धकेलिनु र पद व्यवस्थापनका लागि विधान संशोधन गरेर पदाधिकारी थप्ने प्रवृत्ति देखिनु अत्यन्तै निराशाजनक छ । कुनै समय नेपाली कांग्रेस र नेकपा एमालेजस्ता ठूला दलहरूमा देखिने भागबण्डा र रिसोर्ट राजनीतिको संस्कृति आज रास्वपाभित्र पनि 'लटौली सेञ्चुरी रिसोर्ट'को बैठक र नेताहरूबीचको मनमुटावले चरितार्थ गरिदिएको छ ।

नयाँ भनिएका नेताहरू (चाहे ती सभापति रवि लामिछाने हुन्, वरिष्ठ नेता तथा प्रधानमन्त्री वालेन्द्र शाह हुन्, वा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले हुन्) सबै आ-आफ्नो समूह बलियो बनाउने र आफ्ना मान्छेलाई पदमा स्थापित गर्ने होडबाजीमा लागेको स्पष्ट देखिन्छ । ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ, समीक्षा बास्कोटा, मनिष झालगायतका नेताहरूको पदीय महत्त्वाकांक्षाले पार्टीको मूल आदर्शलाई नै ओझेलमा पारेको छ । झन् तटस्थ र गरिमामय पदमा आसिन सभामुख डोलप्रसाद अर्याल महाधिवेशन स्थलमा गोप्यरूपमा खटिएर एउटा गुटको पक्षमा माहोल बनाउन लाग्नु त लोकतान्त्रिक मूल्यमान्यताकै उपहास हो । यस सन्दर्भमा आममतदाता र सचेत नागरिकको तर्फबाट म रास्वपा नेतृत्वलाई केही सुझाव दिन चाहन्छु:

### विचार र नीतिको राजनीति गर्नुस्, गुटको होइनः

तपाईंहरूलाई जनताले परम्परागत दलका नेताहरूको गुटबन्दी र आन्तरिक कलहबाट आजित भएर मत दिएका हुन् । यदि महाधिवेशनको प्रारम्भमै पाँच-पाँच वटा गुट खडा गरेर पदको हानथाप गर्ने हो भने तपाईंहरू र पुराना दलहरूमा के फरक रह्यो र ? गुटभन्दा माथि उठेर विचार र देश निर्माणको खाका कोर्नुस् ।

### पद व्यवस्थापनका लागि विधान मिच्ने प्रवृत्ति बन्द गर्नुस्ः

नेता व्यवस्थापनकै लागि महामन्त्री र उपसभापतिको संख्या थप्नु र विधान संशोधन गर्नु पुरानो 'भागबण्डा' राजनीतिकै निरन्तरता हो । सक्षम व्यक्तिलाई महाधिवेशनको लोकतान्त्रिक प्रक्रियाबाटै नेतृत्वमा आउन दिनुस्, कोठाभित्रको सहमति र भागबण्डाबाट होइन ।

सुशासन र जनताका मुद्दामा केन्द्रित हुनुस्:

रास्वपा अहिले सरकारको नेतृत्वमा छ । देशको प्रधानमन्त्री, अर्थमन्त्री, गृहमन्त्री, परराष्ट्रमन्त्रीजस्ता महत्त्वपूर्ण मन्त्रालयहरू रास्वपाकै हातमा छन् । यस्तो बेला सिंगो मन्त्रीमण्डल महाधिवेशनको पद बाँडफाँडमा अल्झिनु मुलुकका लागि दुर्भाग्यपूर्ण हो । जनता महँगी, बेरोजगारी र विकासको अभावले छटपटाइरहेका छन् । नेताहरू भने रिसोर्टमा बसेर पदको मोलमोलाइ गरिरहेका छन् । सरकारमा रहेका मन्त्रीहरूले आफ्नो ध्यान गुट निर्माणमाभन्दा देशको सेवामा लगाउनु जरुरी छ ।

### संवैधानिक मर्यादाको ख्याल गर्नुस्ः

सभामुखजस्तो साझा र निष्पक्ष पदमा बसेका व्यक्तिले पार्टीको आन्तरिक चुनावमा एउटा गुटको पक्षमा लबिइङ गर्नु राजनीतिक अपराध हो । यस्ता हर्कतले संस्थागत साख गिराउने काममात्र गर्छ ।

रास्वपाका नेताहरूले के बुझ्न जरुरी छ भने, जनताले तपाईंहरूलाई विकल्पका रूपमा स्वीकार गरेका हुन्, पुराना दलहरूको अर्को 'संशोधित रूप' बन्नका लागि होइन । यदि समयमै यो आन्तरिक रोगको उपचार गरिएन र पुराना दलकै प्रवृत्ति दोहोर्‍याइरहने हो भने, नेपाली जनताले जसरी उत्साहका साथ वैकल्पिक शक्तिलाई भोट दिएर उठाए, त्यसरी नै वैकल्पिक शक्तिलाई सडकमा पछार्न पनि बेर लाउने छैनन् । बेलैमा चेतना भया ।

**- रमेश अधिकारी**
नयाँ बानेश्वर, काठमाडौं

# काँकरभिट्टा नाकामा एकीकृत जाँच एकाइ पुनः सञ्चालन

**सुरुंगा (झापा)**– पूर्वी सीमानाका काँकरभिट्टामा यात्रु तथा मालवस्तुको चेकजाँचलाई व्यवस्थित र प्रभावकारी बनाउन 'एकीकृत जाँच एकाइ' पुनः सञ्चालनमा आएको छ ।

सोमबारदेखि सञ्चालनमा आएको 'एकीकृत जाँच एकाइ'मा मेची भन्सार कार्यालय, इलाका प्रहरी कार्यालय काँकरभिट्टा तथा सशस्त्र प्रहरी बल नेपालको सीमा सुरक्षा गुल्मका सुरक्षाकर्मीले एउटै स्थानबाट संयुक्त रूपमा यात्रुका सामानको परीक्षण गर्ने व्यवस्थाको शुभारम्भ गरेका हुन् । योसँगै सीमा सुरक्षा, भन्सार निगरानी तथा यात्रु सेवामा समन्वयात्मक सुधार हुने अपेक्षा गरिएको छ ।

जेन-जी आन्दोलनका क्रममा क्षति पुगेपछि बन्द भएको 'एकीकृत जाँच एकाइ' झण्डै १० महिनापछि पुनः सञ्चालनमा आएको हो । मेचीनगर नगरपालिका-६ स्थित काँकरभिट्टा नाका भारतको पश्चिम बंगाल राज्यअन्तर्गत दार्जीलिङ जिल्लाको पानीटयांकीसँग जोडिएको नेपालको व्यस्त अन्तर्राष्ट्रिय प्रवेशद्वार हो । यस नाकाबाट दैनिक हजारौं यात्रु आवतजावत तथा ठूलो परिमाणमा मालवस्तु ओसारपसार हुने भएकाले प्रभावकारी जाँच प्रणालीको आवश्यकता लामो समयदेखि महसुस हुँदै आएको थियो ।

यसअघि मेची भन्सार कार्यालय परिसरमा अत्याधुनिक 'एक्स-रे' मेसिनसहित एकद्वार भन्सार जाँच प्रणाली सञ्चालनमा थियो । भन्सार, नेपाल प्रहरी र सशस्त्र प्रहरीले एउटै स्थानबाट संयुक्त रूपमा निगरानी गर्दा चोरी-तस्करी नियन्त्रणमा सहयोग पुग्नुका साथै यात्रुले सहज सेवा पाउँदै आएका थिए ।

गत भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा उक्त संरचनामा आगजनी भएपछि जाँच प्रणाली पूर्णरूपमा प्रभावित भएको थियो । भवन तथा उपकरणमा क्षति पुगेपछि सम्बन्धित निकायले छुट्टाछुट्टै स्थानबाट चेकजाँच गर्दै आएका थिए । यसले यात्रुलाई पटक-पटक सामान देखाउनुपर्ने अवस्था सिर्जना गर्नुका साथै सुरक्षा निकायबीच समन्वयमा चुनौती उत्पन्न भएको थियो ।

उक्त एकाइ सञ्चालनमा आएको अवसरमा मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत शिवलाल न्यौपाने, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायब उपरीक्षक निशेष चापागाईं तथा सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म काँकरभिट्टाका गणपति सशस्त्र प्रहरी उपरीक्षक विकास थापाले संयुक्तरूपमा एकाइ सञ्चालनमा आएको घोषणा गरेका हुन् । हाल जाँचस्थलमा 'एक्स-रे' मेसिन भने जडान गरिएको छैन । सम्बन्धित निकायले आवश्यक प्रक्रिया पूरा गरी छिट्टै पुनः मेसिन सञ्चालनमा ल्याउने जानकारी दिएका छन् ।

सीमानाकामा एकीकृत जाँच प्रणाली पुनः सञ्चालनमा आएसँगै भन्सार छली, मूल्यांकन तथा अवैध ओसारपसार नियन्त्रणमा थप प्रभावकारिता आउने अपेक्षा गरिएको छ । एउटै स्थानमा आवश्यक प्रक्रिया पूरा गर्न सकिने भएपछि समयको बचत हुनुका साथै प्रशासनिक झण्झटसमेत घट्ने मेची भन्सार प्रमुख न्यौपानेको भनाइ छ । *रासस*

# पोखरा बसपार्कका व्यापारिक संरचना हटाइयो, सुकुमबासी बस्ती अझै बाँकी

**कास्की–** पोखरामा सुविधासम्पन्न बसपार्क निर्माणको योजनामा रहेको पोखरा महानगरपालिकाले पृथ्वीचोकस्थित प्रस्तावित बसपार्क क्षेत्रभित्रका सबै व्यापारिक संरचना हटाएको छ ।

बसपार्कभित्रको बास्तोला कम्प्लेक्ससहित उत्तरतर्फको पेट्रोलपम्प लाइनका सटर तथा कबलहरूसमेत हटाइएका छन् । वि.सं. २०३० मा बसपार्कको जग्गा अधिग्रहण गरेको आधा शताब्दीपछि बसपार्क निर्माणका लागि 'साइट क्लियर' गर्ने काम सुरु गरिएको हो । संरचना हटाएको क्षेत्रमा सरसफाइ गरेर सम्याइएको छ । महानगरले लालपुर्जाभित्रका व्यापारिक संरचना हटाए पनि मुख्य चासो रहेको सुकुमबासी बस्ती खाली गर्न भने अझै बाँकी छ । बसपार्कभित्र तीन वटा सुकुमबासी बस्तीमा ५७२ घर परिवारले जग्गा अतिक्रमण गरेर बसोबास गर्दै आएका छन् । महानगरले सुकुमबासीलाई अन्यत्र व्यवस्थापनपछि मात्र अतिक्रमित घर टहरनामा डोजर चलाउने जनाएको छ ।

पोखरा महानगर प्रमुख धनराज आचार्यले सुकुमबासी बस्तीको व्यवस्थापन नगरिकन उनीहरूलाई त्यहाँबाट नहटाइने बताए । उनले भने, 'सुकुमबासी बस्तीका साथीहरूको डकुमेन्ट भेरिफिकेसनसहित विवरण छानबिन भइरहेको छ । केही व्यक्तिहरूले तीनपुस्ते सही विवरण नदिएको तथा झूटा विवरण दिएको पाइएको छ । यस्तो झूटो विवरण प्रमाणित भएमा प्रचलित कानुनअनुसार कारबाही हुन्छ । विवरण प्रमाणित गर्ने काम पूरा भएलगत्तै सुकुमबासी बस्ती स्थानान्तरण प्रक्रिया सुरू गर्छौं ।'

प्रमुख आचार्यले सुकुमबासी बस्तीको व्यवस्थापन नगरी हटाइने छैन भन्ने प्रतिबद्धता महानगरबाट पटक-पटक दोहोर्‍याइए पनि केही गैरसुकुमबासी व्यक्तिहरू तथा असम्बन्धित व्यक्तिहरू बस्तीभित्र प्रवेश गरी गलत सूचना दिने र भड्काउने कार्य भएको पाइएकाले यसप्रति कसैले पनि भ्रममा नपर्न अनुरोध गरेका छन् ।

महानगरपालिकाले हाल डोजर लगाएर खाली गरेको बास्तोला कम्प्लेक्सको जग्गासहित पेट्रोलपम्प लाइनको जग्गा व्यक्तिको स्वामित्वमा छ । वि.सं. २०३० मा बसपार्कका लागि अधिग्रहण गरिएको भए पनि पछि पोखरा उपत्यका नगर विकास समितिले अधिग्रहित जग्गाभित्र सट्टाभर्ना तथा घडेरी वितरण गर्ने निर्णय गरेको थियो । महागरले पछिल्लो समय जग्गा सट्टाभर्नाको निर्णयलगायतको विषयमा छानबिनका लागि पूर्वन्यायाधीशको नेतृत्वमा न्यायिक समिति गठन गरेको छ । सो समितिको प्रतिवेदन अझै पेस हुन सकेको छैन ।

बसपार्कभित्रका सुकुमबासीहरू आफूहरूको अन्यत्र व्यवस्थापन हुनेबित्तिकै बस्ती खाली गर्न तयार रहेको बताएका छन् । सुकुमबासी सरोकार समितिका अध्यक्ष प्रेम गुरुङले विकल्प पाउनसाथ बसोबास गरिरहेको स्थानबाट हट्न तयार रहेको बताए । उनले भने, 'बसपार्क लामो समयअघिको योजना हो तर हामीलाई देखाएर बन्न सकेको छैन । हामी विकासविरोधी होइनौं, बाधक बन्दैनौं, महानगरले हामीलाई कहाँ गएर बस्ने भन्ने ठाउँ देखाइदियोस् हामी जान तयार छौं ।' *रासस*

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/१० गते**

यस कम्पनीको मिति २०८३/०२/२८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **टाईगर बटालियन सेक्युरिटी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **टाईगर नेपाल सेक्युरिटी प्रा.लि. (प्रा.लि.नं. ३७७९०५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०३/१०**

**होटल एभरेष्ट नेपाल प्रा. लि.** को मिति २०८३/०२/२५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **माला स्विट्स ठमेल प्रा. लि. (दर्ता नं. १२५७४६)** कायम गर्ने गरी मिति २०८३/०३/०१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७७/१२/०३ मा दर्ता भएको **प्रा. लि. नं. २५८९०९** को **एमरेष्ट स्पा एण्ड ब्यूटी पार्लर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## मलेसियामा रोजगार

कम्पनी : **THIRD FORCE SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८२/03/२३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/03/०९ | LT. No. 333477 | चलानी नं. ६०२४७१२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 13 | 0 | 1700 | ६२,३१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार १७ गते (1st July 2026) मा हुनेछ ।**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**ः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २१ गते (5th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.
श्रम ईजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-4016209, Cell : +977 970-6979348
E-mail :info@dninepal.com,Website:www.dninepal.com



जोर्डनको अम्मानस्थित ऐतिहासिक रोमन थिएटरमा फिफा विश्वकपअन्तर्गत मंगलबार बिहान जोर्डन र अल्जेरियाबीच भएको खेल हेर्ने क्रममा आफ्नो टोलीको समर्थन जनाउँदै जोर्डनियन समर्थक । *तस्बिरः सिन्ह्वा*

# तृणमूल कांग्रेसमा विद्रोह गहिरिँदै, पार्टी अध्यक्षमा रोय चयन

**कोलकाता–** पश्चिम बंगालको राजनीति तीव्ररूपमा तातिँदै गएको बेला तृणमूल कांग्रेस (टिएमसी) भित्र ठूलो विद्रोह देखिएको छ र कम्तीमा ५८ विधायकहरूले नेतृत्वविरुद्ध मोर्चा खोलेर नयाँ संगठनात्मक संरचना घोषणा गरेका छन् । सोही क्रममा पार्टीको नयाँ अध्यक्षका रूपमा अरूप रोयलाई चयन गरिएको घोषणा गरिएको छ ।

विद्रोही समूहका अनुसार सोमबार आयोजित विशेष सत्रमा सर्वसम्मत निर्णयमार्फत ३० सदस्यीय राष्ट्रिय कार्यसमिति गठन गरिएको हो । विपक्षका नेता ऋतब्रत बनर्जीले नयाँ संरचनाको घोषणा गर्दै अरूप रोयलाई पार्टी अध्यक्ष चयन गरिएको जानकारी दिए । समितिमा फिरहाद हाकिम, अरूप बिस्वास, रथिन घोष, सबिना यास्मिन, जावेद खान, सन्दिपन साहालगायतका नेताहरू समावेश छन् भने उपाध्यक्षहरूमा फिरहाद हाकिम, अरूप बिस्वास, रथिन घोष र सबिना यास्मिन रहेका छन् ।

नयाँ नेतृत्व घोषणा गर्दै ऋतब्रत बनर्जीले पूर्वमुख्यमन्त्री ममता बनर्जीलाई पार्टीको मार्गदर्शक वा सल्लाहकार भूमिकामा रहन आग्रह गरिएको बताए । उनले 'दिदीले गुरुको भूमिका निभाएर मार्गदर्शन गर्नुपर्छ' भन्ने धारणा दोहोऱ्याए ।

यस घटनालाई टिएमसीको ८० मध्ये ५८ विधायकहरू सहभागी विद्रोहको विस्तारित रूपका रूपमा हेरिएको छ र यसले पार्टीभित्र शक्ति संघर्षलाई खुलारूपमा सतहमा ल्याएको छ । विद्रोही समूहले पश्चिम बंगाल विधानसभा विपक्ष नेताको भूमिकामा पनि परिवर्तन गर्दै ऋतब्रत बनर्जीलाई समर्थन गरेको छ ।

नयाँ अध्यक्ष बनेपछि प्रतिक्रिया दिँदै अरूप रोयले संक्षिप्तरूपमा 'काम गर्नेछु' भन्दै पार्टी पुनर्संरचनामा आफू सक्रिय रहने संकेत गरे । तर पार्टीभित्रको यो विभाजनप्रति पुरानो नेतृत्व पक्षबाट कडा प्रतिक्रिया आएको छ । सांसद सौगत रोयले विद्रोही समूहका नेताहरूलाई बाहिरबाट आएका व्यक्ति भन्दै प्रश्न उठाए । उनका अनुसार टिएमसीको स्थापना ममता बनर्जीले गरेकी हुन् र वर्तमान विवादले संगठनको मूल पहिचानमै चुनौती खडा गरेको छ ।

यसैबीच पार्टीको वित्तीय र संगठनात्मक नियन्त्रणलाई लिएर पनि विवाद चर्किएको छ । पूर्वकोषाध्यक्ष अरूप बिस्वासले बैंक खाता सञ्चालनमा तत्काल रोक लगाउन माग गर्दै पार्टी कोषको प्रयोगबारे प्रश्न उठाए । विद्रोही पक्षले भने कोषको स्रोत र व्यवस्थापनबारे छानबिनको माग गरेको छ भने अर्को पक्षले अनियमितरूपमा निकालिएको रकम फिर्ता गर्नुपर्ने अडान लिएको छ ।

राजनीतिक तनाव केवल राज्यसम्म सीमित नरही राष्ट्रिय स्तरसम्म फैलिएको देखिन्छ र केही टिएमसी सांसदहरूले अर्को राजनीतिक समूहमा समाहित हुने निर्णयपछि पार्टी नेतृत्व थप दबाबमा परेको छ । यसरी पार्टीभित्रको नेतृत्व, संगठन र कोष व्यवस्थापनलाई लिएर विवाद गहिरिँदै जाँदा टिएमसीको आन्तरिक एकता ठूलो प्रश्नचिह्नमा परेको छ । *रासस/एएनआई*

# डलरको दबाबमा येन



**टोकियो–** अमेरिकी डलरको तुलनामा जापानी येन झण्डै ४० वर्षयताकै न्यून स्तरमा झरेपछि जापान सरकारले विदेशी विनिमय बजारमा पुनः हस्तक्षेप गर्न सक्ने संकेत दिएको छ । अर्थमन्त्री सात्सुकी कातायामाले मंगलबार टोकियो आवश्यक परे 'दृढ कदम' चाल्न तयार रहेको बताएका छन् ।

मध्यपूर्वमा जारी तनाव, अमेरिका र जापानबीचको ब्याजदर अन्तर तथा दीर्घकालीन मौद्रिक नीतिका कारण येनमाथि लगातार दबाब बढ्दै गएको छ । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टसँगको वार्तापछि कातायामाले जापान र अमेरिकाबीच आवश्यक परे निर्णायक कदम चाल्ने विषयमा समान समझदारी रहेको बताए । जापानी सरकारले पुष्टि गरेको उक्त वार्तापछि बजारमा जापान पुनः हस्तक्षेपको तयारीमा रहेको संकेत देखिएको छ । टोकियोले गत महिनामात्रै येनलाई समर्थन गर्न ७० अर्ब डलरभन्दा बढी खर्च गरिसकेको छ ।

सोमबार प्रकाशित समाचारपछि डलरको तुलनामा १६१.९३ येनसम्म झरेको जापानी मुद्रा केही सुधार भई मंगलबार टोकियो बजारमा प्रतिडलर करिब १६१.६० येनमा कारोबार भएको थियो । यो सन् १९९६ डिसेम्बरपछि देखिएको सबैभन्दा कमजोर विनिमय दरमध्ये एक हो । सन् २०११ मा भने एक डलरबराबर करिब ७५ येनसम्म पुगेको थियो ।

कमजोर येनले ऊर्जा र कच्चा पदार्थ आयातमा निर्भर जापानका लागि आयात खर्च बढाएको छ । विशेषगरी डलरमा कारोबार हुने पेट्रोलियम पदार्थ महँगो हुँदा घरेलु अर्थतन्त्रमा थप दबाब परेको छ । अर्कोतर्फ, कमजोर येनका कारण विदेशी पर्यटकका लागि जापानमा किनमेल, होटल तथा भोजन खर्च सस्तो बनेकाले पर्यटन क्षेत्रमा उल्लेखनीय वृद्धि भएको छ ।

एमयुएफजीका विश्लेषक माइकल वानले दीर्घकालीन सुधारका लागि अमेरिकाको तुलनामा जापानको वास्तविक ब्याजदर अन्तर घट्नुपर्ने बताए । उनका अनुसार बैंक अफ जापानले थप आक्रामक मौद्रिक नीति अपनाउने स्पष्ट संकेत दिन सकेमात्रै येनलाई स्थायीरूपमा बलियो बनाउन सकिन्छ । बैंक अफ जापानले गत साता ब्याजदरलाई ३१ वर्षयताकै उच्चस्तरमा पुऱ्याएको थियो । त्यही समयमा अमेरिकी फेडरल रिजर्भले पनि थप कडा मौद्रिक नीति अपनाउने संकेत दिँदै यसै वर्ष पुनः ब्याजदर बढ्न सक्ने जनाएको छ । यद्यपि बैंक अफ जापानले थप ब्याजदर वृद्धि गरेमा प्रधानमन्त्री साने ताकाइची नेतृत्वको सरकारबाट प्रतिरोध हुन सक्ने विश्लेषकहरूको भनाइ छ । उच्च उधारो लागतले आर्थिक वृद्धि प्रभावित हुन सक्ने चिन्ताले सरकार थप कडाइतर्फ जान सावधानी अपनाइरहेको छ । *रासस/एएफपी*

# युरोपमा भीषण गर्मीको संकट गहिरिँदै

**पेरिस–** युरोपभर फैलिएको असाधारण गर्मी लहरका कारण जनजीवन, ऊर्जा प्रणाली र स्वास्थ्य क्षेत्रमा गम्भीर असर देखिन थालेको छ । वैज्ञानिकहरूले यो अवस्थालाई जलवायु परिवर्तनको स्पष्ट संकेत भन्दै यस्ता गर्मीका छालहरू अझ बारम्बार, लामो र तीव्र हुने चेतावनी दिएका छन् ।

फ्रान्समा गर्मीका कारण डुबेर मृत्यु हुने घटनामा वृद्धि भएको छ । खेलकुद तथा युवामन्त्रीका अनुसार सप्ताहन्तयता करिब २० जनाको डुबेर मृत्यु भएको छ र नागरिकहरूलाई पानीका निकायमा सावधानी अपनाउन आग्रह गरिएको छ । यसअघि सुरक्षा निकायले कम्तीमा १३ जनाको मृत्यु भएको पुष्टि गरेको थियो ।

अत्यधिक तापक्रमका कारण फ्रान्स सरकारले संकट व्यवस्थापन बैठकसमेत आयोजना गरेको छ । देशका एक हजार ३५० भन्दा बढी विद्यालय बन्द भएका छन् भने औसत तापक्रमले जुन महिनाकै रेकर्ड तोड्दै २९.२ डिग्री सेल्सियस पुगेको छ । गर्मीको प्रभाव तीव्र बनेपछि ५४ विभागमा रेड अलर्ट जारी गरिएको छ र यसले करोडौं नागरिकलाई प्रभावित गरेको छ ।

ऊर्जा क्षेत्रमा पनि असर देखिएको छ । दक्षिणपश्चिमी फ्रान्सको एउटा आणविक रिएक्टर नदीको पानी अत्यधिक तातो भएपछि बन्द गरिएको छ । चिसो पार्न प्रयोग हुने पानीको तापक्रम २८ डिग्री सेल्सियसको सुरक्षित सीमा नाघेपछि यो निर्णय गरिएको हो ।

बेल्जियममा मौसम विभागले आगामी दिनहरूमा अहिलेसम्मकै उच्च तापक्रम पुग्ने चेतावनी दिएको छ । केही विद्यालयले कक्षाहरू छोट्याएका छन् भने नागरिकलाई सतर्क रहन आग्रह गरिएको छ । जर्मनीमा गर्मीका कारण पौडी दुर्घटनामा वृद्धि हुँदा सप्ताहन्तमा पाँच जनाको मृत्यु भएको छ । साथै, फ्रान्कफर्ट विमानस्थलमा लामो समय विमानमा रोकिएका यात्रुहरूलाई स्वास्थ्य समस्या देखिएपछि उपचार गरिएको छ ।

दक्षिणपूर्वी फ्रान्समा दुई र चार वर्षका दुई बालबालिका कारभित्र मृत भेटिएको घटनाले थप चिन्ता बढाएको छ । अधिकारीहरूले अत्यधिक गर्मीलाई सम्भावित कारणका रूपमा अनुसन्धान गरिरहेका छन् ।

यात्रा तथा यातायात क्षेत्रमा पनि असर देखिएको छ । पेरिस क्षेत्रका अधिकारीहरूले अत्यधिक गर्मीका बेला अनावश्यक यात्रा स्थगित गर्न र घरबाट काम गर्न सकिनेहरूलाई त्यसै गर्न आग्रह गरेका छन् । रेल प्रणाली ५० डिग्रीसम्मको तापक्रम सहन नसक्ने चेतावनीसमेत दिइएको छ । बेलायतमा पनि उच्चस्तरको गर्मी चेतावनी जारी गरिएको छ र त्यहाँ केही क्षेत्रमा तापक्रम ४० डिग्री सेल्सियससम्म पुग्ने अनुमान गरिएको छ । मौसम विभागले जुन महिनाकै रेकर्ड तोडिन सक्ने चेतावनी दिएको छ । *रासस/एएफपी*


## मलेसियामा रोजगार

कम्पनी : CCH METAL SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/03/0८ | LT. No. 343845 | चलानी नं. ६०२५७१४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 20 | 0 | 1700 | ६२,३१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार १७ गते (1st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

## युएइमा रोजगार

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/03/0८ | LT. No. 343844 | चलानी नं. ६०२५५७१५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 200 | 0 | 1000 | ४१,३२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार १७ गते (1st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SPACE HR SOLUTIONS PVT.LTD
श्रम ईजाजत नं. १५७१/०७९/०८०
Basundhara, Kathmandu; Tel: 01-5925496
E-mail: spacehrsolution07980@gmail.com, Web: www.spacehrsolution.com

## कतारमा रोजगार

कम्पनी : M R A EXPRESS

पूर्व स्वीकृति मिति : २०८३/03/0९ | LT. No. 343909 | चलानी नं. ६०२५७२०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook Chef | 7 | 0 | 1500 | ६२,४३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dishwaher | 3 | 0 | 1200 | ४९,९५१ | | | | | | | |
| 3 | Sandwich Maker | 2 | 0 | 1500 | ६२,४३९ | | | | | | | |
| 4 | Tea And Coffee Other Maker | 3 | 0 | 1500 | ६२,४३९ | | | | | | | |
| 5 | Waiter(Female) | 0 | 3 | 1500 | ६२,४३९ | | | | | | | |
| 6 | Waiter(Male) | 10 | 0 | 1500 | ६२,४३९ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १७ गते (1st Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:नशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Shuvam Overseas Employment Pvt. Ltd.
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Basundhara, Kathmandu, Nepal, Tel : +977-1-4985544, Shree Prasad Gurung (9806131199)
E-mail : shuvamoveseas677@gmail.com, Website : www.shuvamoverseas.com

## कुवेतमा रोजगार

कम्पनी : kazema Engineering Projects W.L.L

पूर्व स्वीकृति मिति : २०८२/03/03 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/0९ | LT. No. 325770 | चलानी नं. ६०२३९७२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminum Technician | 3 | 0 | 150 | ७३,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Carpenter | 2 | 0 | 110 | ५३,९४४ | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 150 | ७३,५६० | | | | | | | |
| 4 | Fire Alarm Technician | 5 | 0 | 150 | ७३,५६० | | | | | | | |
| 5 | Lift Technician | 3 | 0 | 150 | ७३,५६० | | | | | | | |
| 6 | Painter | 4 | 0 | 150 | ७३,५६० | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः रुपन्देही, बुट्वल, तिलोत्तमा ट्रेनिङ सेन्टरमा मिति : २०८३ असार ११ गते (25 jun . 2026) मा हुनेछ ।
रुपन्देही, बुट्वल, बुटवल मल्टिपल ट्रेनिङ सेन्टरमा मिति : २०८३ असार ११ गते (25 jun . 2026) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ११ गते (25 jun . 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1587/079/80
SAAD OVERSEAS PVT.LTD.
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Mobile : 9814452152, Email: - saadoverseas25@gmail.com


कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०३/१०**

तपसिलमा उल्लिखित तपाईँ ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अन्तर्गत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईँ तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईँहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईँहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| १. **विनोद साह**<br>**ना.प्र.नं.** : ४४७९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी<br>बाबु : जय नारायण साह<br>बाजे : जनक साह<br>ठेगाना : सप्तरी जिल्ला हनुमाननगर गा.वि.स.वडा नं.०५, हाल उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१३<br>**शाखा कार्यालय : गाईघाट**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **सुजि कुमारी साह**<br>**ना.प्र.नं.** : १६-०१-७५-०७२५५<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी<br>पति : विनोद साह<br>ससुरा : जय नारायण साह<br>ठेगाना : सप्तरी जिल्ला हनुमाननगर कङ्कालिनी न.पा.वडा नं.०९, हाल उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं.१३ |
| २. **सुवाश्री गुरुङ**<br>**ना.प्र.नं.** : ६७०८७<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, स्याङ्जा<br>पतिः तिल वहादुर गुरुङ<br>ससुराः विल वहादुर गुरुङ<br>ठेगानाः स्याङ्जा जिल्ला ठुलाडिही गा.वि.स वडा नं.०३, परिवर्तित पुतलीबजार न.पा.वडा नं.०७<br>**शाखा कार्यालय : अमरसिंह**<br>**कर्जा शीर्षक : विपन्न वर्ग कर्जा**<br><br>**धनजमानीकर्ताको विवरण**<br>**यशोदा ढकाल क्षेत्री**<br>**ना.प्र.नं.** : १५५२९९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>पति : रुद्र वहादुर ढकाल क्षेत्री<br>ससुरा : गोविन्द ढकाल<br>ठेगानाः कास्की जिल्ला पुम्दी भुम्दी गा.वि.स. /उ.म.न.पा.वडा नं.०८ | **आउ माया गुरुङ्ग**<br>**ना.प्र.नं.** : ११६६४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, स्याङ्गजा<br>पति : डम बहादुर गुरुङ्ग<br>ससुराः करविर गुरुङ्ग<br>ठेगानाः स्याङ्गजा जिल्ला, राङ्भाङ् नगर/गाउँ पञ्चायत वडा नं.०९, हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं.१७<br><br>**सरिता घले**<br>**ना.प्र.नं.** : ४६३००८/१५०<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, कास्की<br>पतिः जगन घले<br>ससुरा : रण वहादुर घले<br>ठेगाना : कास्की जिल्ला, भदौरे तामागी गा.वि.स. वडा नं.०९, हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं.१०<br><br>**पूर्ण गुरुङ**<br>**ना.प्र.नं.** : ७८९६६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, स्याङ्गजा<br>पतिः यम वहादुर गुरुङ<br>ससुरा : इन्द्र वहादुर घले<br>ठेगाना : स्याङ्जा जिल्ला ठुलाडिही गा.वि.स वडा नं.०३, परिवर्तित पुतलीबजार न.पा.वडा नं.०७ |
| ३. **लाल बहादुर खड्का**<br>**ना.प्र.नं.** : २१४१/२०३७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दाङ<br>बाबु : मान वहादुर खड्का<br>बाजे : कामी खड्का<br>ठेगानाः दाङ जिल्ला सौडियार गा.वि.स.वडा नं.०१, हाल घोराही न.पा. वडा नं.०६<br>**शाखा कार्यालय : घोराही (साबिक होलेरी )**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा (आवधिक)** | **धना के.सी.**<br>**ना.प्र.नं.** : ५२३०१४/९४०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दाङ<br>पतिः लाल बहादुर खड्का<br>ससुराः मान वहादुर खड्का<br>ठेगानाः दाङ जिल्ला काभ्रे गा.वि.स./उ.म.न.पा.वडा नं.०४, हाल घोराही न.पा. वडा नं.०६<br><br>**दमा कुमारी खत्री**<br>**ना.प्र.नं.** : ३३८/७३६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दाङ<br>बाबु : दुर्गा बहादुर खत्री<br>बाजे : टोप बहादुर खत्री<br>ठेगानाः दाङ जिल्ला काभ्रे गा.वि.स.वडा नं.०४, हाल घोराही न.पा. वडा नं.०६ |
| ४. **सनिउल्ला मियाँ**<br>**ना.प्र.नं.** : ५३१०३३/७२०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, प्युठान<br>बाबु : सुरमान मियाँ<br>बाजे : चतुरे मियाँ<br>ठेगाना : प्युठान जिल्ला हंसपुर गा.वि.स.वडा नं.०६, हाल सरुमारानी गा.पा.वडा नं.०३<br>**शाखा कार्यालय : घोराही (साबिक जस्पुर)**<br>**कर्जा शीर्षक : स्वाभिमानी किसान कर्जा (आवधिक)** | **कुसुम मिया**<br>**ना.प्र.नं.** : २१०९/१५०<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, प्युठान<br>पतिः सुरमान मियाँ<br>ससुराः चतुरे मियाँ<br>ठेगानाः प्युठान जिल्ला हंसपुर गाउँ पञ्चायत वडा नं.०६, हाल सरुमारानी गा.पा.वडा नं.०३<br><br>**सलिमा मियाँ**<br>**ना.प्र.नं.** : ५३३०३३/६१०<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, प्युठान<br>पति : सनिउल्ला मियाँ<br>ससुरा : सुरमान मियाँ<br>ठेगानाः प्युठान जिल्ला हंसपुर गा.वि.स.वडा नं.०६, हाल सरुमारानी गा.पा.वडा नं.०३ |
| ५. **गजेन्द्र बहादुर वली**<br>**ना.प्र.नं.** : ५४१०४३/११०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>बाबुः सुर बहादुर वली<br>बाजेः कविराम वली<br>ठेगानाः रोल्पा जिल्ला नुवागाउँ गा.वि.स.वडा नं.०६, हाल त्रिवेणी गा.पा.वडा नं.०२<br>**शाखा कार्यालय : घोराही (साबिक होलेरी )**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा (आवधिक)** | **मिना वली**<br>**ना.प्र.नं.** : ५४३०४३/४५<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>पतिः गजेन्द्र बहादुर वली<br>ससुराः सुर बहादुर वली<br>ठेगानाः रोल्पा जिल्ला नुवागाउँ गा.वि.स.वडा नं.०६, हाल त्रिवेणी गा.पा. वडा नं.०२ |
| ६. **वसीर दिन मियाँ**<br>**ना.प्र.नं.**: ४४४०७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, प्युठान<br>बाबु : मोहम्मद स्माइल<br>बाजे : नरे मिया<br>ठेगाना : प्युठान जिल्ला बांगेसाल गा.वि.स.वडा नं.०२, हाल सरुमारानी गा.पा. वडा नं.०१<br>**शाखा कार्यालय : घोराही (साबिक जस्पुर)**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा (आवधिक)**<br><br>**धनजमानीकर्ताको विवरण**<br>**मो. जुनैद**<br>**ना.प्र.नं.**: ५३१०३४/१६९८<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, प्यूठान<br>बाबु : मोहम्मद स्माइल<br>बाजेः नरे मिया<br>ठेगानाः प्यूठान जिल्ला बाङ्गेसाल गा.वि.स.वडा नं.०२, हाल सरुमारानी गा.पा.वडा नं.०१ | **मोहम्मद स्माइल**<br>**ना.प्र.नं.**: १९८५/१४८२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, प्यूठान<br>बाबुः नरे मिया<br>बाजेः गाले मिया<br>ठेगानाः प्यूठान जिल्ला हंसपुर गा.बि.स.वडा नं.०६, हाल सरुमारानी गा.पा. वडा नं.०१<br><br>**मइजुन मियाँ**<br>**ना.प्र.नं.**: ४१-१४८३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, प्यूठान<br>पतिः मो.इस्लाम मियाँ<br>ससुराः नरे मिया<br>ठेगानाः प्यूठान जिल्ला हंसपुर गा.बि.स.वडा नं.०६, हाल सरुमारानी गा.पा. वडा नं.०१ |

**नोट** : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ । अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २८७१०० | प्रति तोला – ० | प्रति तोला – ४५९० |



**पाकेको लिचि** | भोजपुरको पौवादुङमा गाउँपालिका–४ बास्तिमका वडाध्यक्ष रमेश राईले आफ्नो बगैँचा फलेको लिची देखाउँदै। हाल उनले करिब साढे ९ रोपनी क्षेत्रफलमा लिची र आँपको बगैँचा विस्तार गरेका छन्। बगैँचामा करिब ८० वटा लिचीका बोट रहेका छन्। ती बोटबाट मात्रै वार्षिक करिब रु दुई लाखसम्म आम्दानी भइरहेको उनले बताए। *तस्बिरः युवराज विष्ट/रासस*

# भारतीय पर्यटकले भरिभराउ पोखरा

**लेखनाथ–** पर्यटकीय राजधानी पोखरामा भारतीय पर्यटक खचाखच भएपछि यहाँका होटल भरिभराउ भएका छन्। यतिबेला लेकसाइडका सडक र बाराही मन्दिरमा अधिकांश भारतीय पर्यटकको चहलपहल बढेको छ।

गण्डकी प्रदेशका प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यहरू, विशेषगर फेवातालाको तालबाराही मन्दिर, विन्ध्यवासिनी, मुक्तिनाथ, तथा विभिन्न पदयात्रामा भारतीय पर्यटकको संख्या उत्साहजनक रहेको होटल संघ पोखरा, नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताए।

भारतमा बढ्दो गर्मीबाट राहत खोज्न तथा बिदाको सदुपयोग गर्न भारतीय नागरिकले नेपाललाई आकर्षक र सहज गन्तव्यका रूपमा रोज्न थालेको बताउँदै पोखरामा सुवेदीले उनीहरूको स्वागत र सम्मान गर्नु पोखरेली पर्यटन व्यवसायीको दायित्व भएको बताए। पर्यटकको चहलपहल बढेसँगै डुंगा सयर, पदयात्रा तथा अन्य पर्यटन गतिविधिसमेत बढेको अध्यक्ष सुवेदीको भनाइ छ।

फेवातालमा दिनहुँ चार पाँच हजार भारतीय पर्यटकले डुंगा सयर गर्ने गरेको जानकारी फेवा डुंगा व्यवसायी संगठनका सहसचिव धनबहादुर विकले बताए। डेढ महिनादेखि भारतीय पर्यटक उल्लेख्य उपस्थिति र फेवातालको मध्यभागमा अवस्थित बाराही मन्दिरमा दर्शन गर्न जान रुचि राख्ने गरेको विकले बताए। 'दिनभरि ताल छेउमा डुंगा कुरी बेलुका रित्तो हात घर जानुपर्ने बमाध्यता भारतीय पर्यटक बढेसँगै हटेको छ', सहसचिव विकले भने। अहिले बाराही घाटबाट मात्र दिनहुँ १४० डुंगाहरू चलायमान छन्।

टान गण्डकीका कोषाध्यक्ष दीपक सापकोटाले पछिल्लो डेढ महिनामा मात्र डेढ लाख भारतीय पर्यटक पोखरा आएको जानकारी दिँदै उनीहरू धर्मिकस्थल, छोटो दूरीको पदयात्रा, प्याराग्लाइडिङ, वन्जिजम, डुंगा सयर तथा ऱ्याफ्टिङ गर्ने गरेको बताए। भारतीय पर्यटक यतिबेला पाँच तारेहोटलदेखि साना होटल र धर्मशालासम्म भरिभराउ रहेको बताए।

भारतीय पर्यटकले कोठामा भन्दा पनि खानामा वार्गेनिङ गर्ने गरेको कुरा होटल व्यवसायी पार्वती पाण्डेले सुनाए। भारतमा होटलका रुम मंहगा हुने भएकाले रुममा उनीहरू खासै वार्गेनिङ गर्दैनन्। पोखरामा होटल भारतीय पर्यटकले धानिएको बताउँदै नेपालका पर्यटकीय तथा धार्मिक क्षेत्रका बारेमा भारतमा प्रचारप्रसार गर्न सक्यौं भने नेपालमा भारतीय पर्यटक खचाखच हुने उनको भनाइ छ।

पर्यटन व्यवसायीले यो मौसमलाई 'अफसिजन'का रूपमा लिने गरेको भए पनि पर्यटकको संख्या उल्लेख्य रूपमा बढेपछि पर्यटन व्यवसायीहरू थप उत्साहित बनेका छन्। नेपाली नयाँ वर्षयता सुरु भएको पर्यटक आगमनको लहर जेठ महिनाको अन्त्यसम्म पनि निरन्तर कायम रहेको पर्यटन व्यवसायी बताउँछन्।

पर्यटकीय रूपमा चहलपलल भएको पोखरामा एक महिनाको समयावधिमा पोखरामा मात्रै डेढ लाख भारतीय पर्यटक भित्रिएका तथ्यांक पर्यटन व्यवसायीसँग छ। यहाँका होटलको ९० प्रतिशत अकुपेन्सी पुगेको होटल व्यवसायीहरू बताउँछन्। विशेषगरी उनीहरू तालबाराही मन्दिर, पुम्दीको शिवमन्दिर, केदारेश्वर, विन्ध्यवासिनी, मुक्तिनाथ, मनकामना मन्दिरमा जाने गर्छन्।

नेपालमा आउने पाहुनाको माया गर्नु हामी सबैको कर्तव्य हो। नेपालीहरू पनि भारतको धार्मिक मठमन्दिरमा जाँदा होटलमा भन्दा पनि बाहिर नै पकाएर खाने गर्छन्। पोखरामा एकैदिन १० हजार पर्यटक अटाउनसक्ने क्षमता होटलमा छ। *रासस*

# स्पेनी लगानीकर्ता र नेपाली निजी क्षेत्रबीच सहकार्य बढाइने



**काठमाडौं–** स्पेनको राजधानी म्याड्रिडमा आयोजित 'नेपाल-स्पेन बिजनेस फोरम २०२६' मा स्पेनी लगानीकर्ता तथा व्यवसायी र नेपाल सरकार तथा निजी क्षेत्रबीच सहकार्य अभिवृद्धि गर्ने विषयमा जोड दिइएको छ।

म्याड्रिडस्थित नेपाली दूतावासद्वारा आयोजित उक्त फोरमले स्पेनका लगानीकर्ता तथा व्यवसायी र नेपालका सरकारी तथा निजी क्षेत्रबीचको दूरी घटाई व्यापार तथा लगानी सहकार्य विस्तार गर्ने उद्देश्य राखेको थियो। कार्यक्रममा नेपाल र स्पेनका सरकारी अधिकारी तथा व्यावसायिक समुदायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

फोरमको उद्घाटन सत्रमा कार्यवाहक राजदूत पुरक अधिकारीले सहभागीलाई स्वागत गर्दै नेपाल र स्पेनबीचको व्यापारिक सम्बन्धलाई थप सुदृढ बनाउने तथा सहकार्यका उच्च सम्भावना भएका क्षेत्रहरूमा साझेदारी विस्तार गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए। उनले नैतिक रूपमा प्राप्त कच्चा पदार्थ र स्वदेशी प्रविधिमा आधारित पुस्तान्तरणीय नेपाली उद्योगहरूको परिचय पनि गराए।

नेपाल व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवीनराज शर्माले नेपाल-स्पेन वस्त्र व्यापारसम्बन्धी तथ्यांक प्रस्तुत गर्दै स्पेनी बजारमा नेपाली वस्त्रजन्य उत्पादनका सम्भावनाबारे जानकारी दिए। उनले स्पेनी उपभोक्तामाझ आकर्षण बढाउन सक्ने विभिन्न नेपाली वस्त्र तथा तयारी पोसाकका उत्पादनहरू प्रस्तुत गरे।

नेपाल निर्यात व्यवसायी महासंघका अध्यक्ष गोविन्द घिमिरे तथा उपाध्यक्ष देवनन्द सरावगीले नेपाल-स्पेन व्यापारको इतिहास र संरचनाबारे प्रस्तुति दिँदै च्यांग्रा ऊन, हिमाली भेडाको ऊन, भाङ र सिस्नोजस्ता प्राकृतिक रेसाबाट बनेका नेपाली वस्त्र तथा गहनाका प्रतिस्पर्धात्मक विशेषताबारे प्रकाश पारे। उनीहरूले हस्तनिर्मित चाँदीका गरगहना, जपमाला तथा परम्परागत आभूषणप्रति अन्तर्राष्ट्रिय विशिष्ट बजारमा बढ्दो आकर्षण रहेको उल्लेख गरे।

नेपाल गार्मेन्ट संघका अध्यक्ष पशुपति देव पाण्डेले कानुनी तथा नीतिगत सुधारका कारण नेपाली तयारी पोसाक उद्योगमा पछिल्ला वर्षहरूमा उल्लेखनीय प्रगति भएको बताए। उनले दुवै देशका व्यावसायिक समुदायबीच निरन्तर सहकार्य आवश्यक रहेकोमा जोड दिए।

स्पेन उद्योग तथा वाणिज्यमण्डलका अन्तरराष्ट्रिय सम्बन्ध उपनिर्देशक लुइस रोड्रिग्वेजले स्पेनको गहना तथा फेसन उद्योगको गतिशीलताबारे जानकारी दिँदै स्पेनी उपभोक्ताहरू विशिष्ट अन्तरराष्ट्रिय उत्पादनप्रति आकर्षित हुँदै गएको बताए। उनले व्यवसाय-व्यवसायबीचको साझेदारी विस्तार भएमा नेपाल-स्पेन व्यापारिक सम्बन्ध अझ सुदृढ हुने विश्वास व्यक्त गरे।

प्रश्नोत्तर तथा 'नेटवर्किङ' सत्रसँगै सम्पन्न भएको उक्त कार्यक्रममा स्पेनका वस्त्र तथा गहना उद्योगका प्रतिनिधि, लगानी प्रवर्द्धन निकाय, सरकारी अधिकारी तथा स्पेनी सञ्चारमाध्यमका प्रतिनिधिहरूको सहभागिता रहेको म्याड्रिडस्थित नेपाली दूतावासले जनाएको छ। *रासस*

# रोकिएन नेप्सेको ओरालो यात्रा, परिसूचक २७ सय मुनि

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २६ दशमलव १६ अंकले ओरालो लागेर दुई हजार ६७४ दशमलव ४८ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३१ अंकले ओरालो लागेर ४६१ दशमलव ४८ मा सीमित भएको छ।

कूल ३५३ कम्पनीको एक करोड ४० हजार १६४ कित्ता सेयर रु चार अर्ब ३६ करोड २१ लाख ९४ हजार ७७१ मूल्यमा खरिद बिक्री भए। कारोबार भएकामध्ये आज २२ कम्पनीको मात्रै सेयर मूल्य वृद्धि भएको छ। नेप्सेका अनुसार, २३९ कम्पनीको सेयर मूल्य ओरालो लाग्दा ११ कम्पनीको भने कुनै परिवर्तन भएन।

कारोबारका आधारमा आँखु खोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा छ। सोपान फर्मास्यूटिकल्स, रिलायन्स स्पिनिङ मिल्स, एनआरएन इन्फास्ट्रक्चर एण्ड डेभलपमेन्ट र बुंगल हाइड्रोपावर शीर्ष स्थानमा छन्।

कारोबारमा टक्सार पिलुवा खोला हाइड्रोपावर, याम्बलिङ हाइड्रोपावर, लक्ष्मी उन्नति कोष, सिद्धार्थ इन्भेस्टमेन्टग्रोथ स्किम तेस्रो र सनराइज ब्ल्यूचिप फण्डका लगानीकर्ताले कमाएका छन्। बुंगल हाइड्रो, अपोलो हाइड्रोपावर, सोपान फर्मास्यूटिकल्स, कालिञ्चोक हाइड्रोपावर र सूर्यकुण्ड हाइड्रोका सेयरधनीले भने गुमाएका छन्।

# हकप्रद सेयर निष्काशन गर्दै एनआइसी एसिया, प्रबन्धकमा एनआइएमबी एस क्यापिटल



**काठमाडौं (प्रस)–** एनआईसी एशिया बैंक लिमिटेडले २:१ अनुपातमा हकप्रद सेयर निष्काशन गर्नका लागि एनआइएमबि एस क्यापिटल लिमिटेडलाई निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ।

नेपाल राष्ट्र बैंकबाट प्राप्त स्विकृतिअनुसार बैंकले हाल कायम चुक्ता पूँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रूपैयाँ मात्र) बराबरको प्रति सेयर रु. १००/- अंकित दरका १४,९१,७५,६६९.२२ (अक्षरेपी चौध करोड एकानब्बे लाख पचहत्तर हजार छ सय उनान्साट्ठी दशमलव बाईस) कित्ता साधारण सेयरको दुई सेयर बराबर एक (२:१) सेयर (अर्थात् विद्यमान २ (दुई) कित्ता साधारण सेयर बराबर नयाँ १ (एक) कित्ता साधारण सेयर) को अनुपातमा साविकका सेयरधनीहरूको लागि रु. ७,४५,८७,८३,५००/- (अक्षरेपी सात अर्ब पैंतालीस करोड सतासी लाख त्रीयासी हजार पाँच सय रूपैयाँ) बराबरको प्रति कित्ता रु. १००/- (अक्षरेपी एक सय रूपैयाँ मात्र) को ७,४५,८७,८३५ (सात करोड पैंतालीस लाख सतासी हजार आठ सय पैतीस) कित्ता हकप्रद साधारण सेयर निष्काशन गर्नेछ।

उक्त हकप्रद सेयर निष्काशनका लागि आवश्यक अन्य नियामकीय स्वीकृति तथा प्रक्रिया पूरा गरी निष्काशन कार्य अगाडि बढाइनेछ। हकप्रद सेयर निष्काशनबाट प्राप्त हुने रकम बैंकको पूँजी संरचना सुदृढ बनाउन, पूँजी पर्याप्तता अनुपात थप मजबुत बनाउन तथा बैंकको दीर्घकालीन व्यवसायिक विस्तार एंव रणनीतिक योजनाहरू कार्यान्वयन गर्न उपयोग गर्ने योजना रहेको छ।

छाडा पशु-चौपायाको संरक्षण गरौं

छाडा पशु-चौपायाका कारणले:
- सडक दुर्घटनाको सम्भावना बढ्छ,
- बाली तथा बोटबिरुवामा क्षति पुग्छ,
- मानिस र पशु दुवैको जीवन जोखिममा पर्छ,
- जथाभावी फोहोरमैला बिसर्जन हुँदा रोग फैलिन सक्छ,

त्यसैले,
- पशु-चौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं
- चरन क्षेत्रको व्यवस्थापन गरौं,
- सडकछेउमा पशु-चौपाया नछाडौं/छाड्न नदिऔं,
- छाडा पशु-चौपायाको नियन्त्रण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्यौट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ